# आर्थिक बर्ष २०७७/७८ को
# नीति, बजेट तथा कार्यक्रम

## तमानखोला गाउँपालिका
## बोंगादोभान,बागलुङ
## २०७७

**सम्मानित सभाका**
**सभाध्यक्ष ज्यू,**

तमानखोला गाउपालिकाको ऐतिहासिक आठौगाउसभाका सभाध्यक्ष ज्यू, उपाध्यक्ष ज्यू, प्रमुख प्रशासकिय अधिकृत ज्यू, ६ वटै वडा अध्यक्ष, कार्यपालिका सदस्य, गाउसभा सदस्यहरु ,तमानखोला गाउपालिका स्तरिय क्रियाशिल राजनितिक दलका प्रमुख तथा प्रतिनिधि ज्यूहरु, विषयगत शाखाका कर्मचारीहरु विभिन्न सरकारी तथा गैरसरकारी संघ, संस्थाका प्रमुख एंव प्रतिनिधिहरु, पत्रकार, सुरक्षाकर्मी, तमानखोला गाउपालिका बासी सम्पूर्ण बुवा, आमा, दाजुभाइ, दिदिबहिनीहरुमा म तमानखोला गाउपालिकाको तर्फबाट सवैमा नमस्कार तथा स्वागत सहित नेपालको संविधान २०७२ ले जारी गरेको र नेपाली जनताको अभिमतबाट पहिलो पटक गठन भएको स्थानिय तह तमानखोला गाउपालिकाको चौथो आर्थिक बर्षको निति तथा कार्यक्रम यो सम्मानित सभामा पेश गर्दछु । यो गरिमामय सभामा नेपाली जनताको अधिकार, स्वतन्त्रता, लोकतन्त्र, संघिय लोकतान्त्रिक गणतन्त्र स्थापना र संस्थागत गर्दा साहदत्त प्राप्त गर्नुहुने सम्मानित प्रथम शहिद स्व. क्या. लखन थापा लगाएत सवै परिवर्तनमा ज्यान गुमाउने शहिदहरुप्रति सम्मान तथा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । नेपाल र नेपालीका जनताको सार्वभौम सत्ता सम्पन्न गराउन र समाज परिवर्तनमा अग्रणी नेतृत्वदायी भुमिका निभाउनु भएका शिखर पुरुष वि.पि. कोइराला, गणेशमान सिंह, पुष्पलाल श्रेष्ठ र नेपालको संविधान निमार्ण गर्न र जारी गर्न सफल नेता शुशिल कोइराला प्रति आदरपूर्वक सम्मानका साथ स्मरण गर्न चाहन्छु ।नेपालको राजनितिक स्वतन्त्रता, लोकतन्त्र र परिवर्तनको क्रममा विभिन्न जनआन्दोलन, सशस्त्र संघर्ष र जनयुद्धमा बलिदानी, ज्यान गुमाएकाहरु प्रति सम्मान तथा स्मरण गर्न चाहन्छ,वेपत्ता परिवार, पिडित नागरिक प्रति गहिरो सम्मान व्यक्त गर्दछु । साथै सशस्त्र द्धन्दको समयमा सरकार पक्षबाट मारिएका तमानखोला गा.पा. वडानं. ३ तमानका दुर्ग बहादुर बुढा, प्रेम बहादुर घर्ति, ओमकार बुढा र तमानखोला वडानं. २ का गंग बहादुर पुन प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु । मिति २०७६ साउन १९ गते पहिरोबाट तमानखोला गा.पा.वडा नं. ४ लाम्मेलामा ज्यान गुमाउने तिन जना व्यक्तिहरुप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु।

आज हामी देशमा जहानियाँ राणाशासन, निर्दलिय पंचायती व्यवस्था तथा २३८ बर्षे राजतन्त्रको अन्त्य गरि देशमा संविधानसभाको माध्यमवाट जारी भएको संविधानको जगमा संघियता कार्यान्वयनको चरणमा रहेका छौ । हामी विधिवत रुपमा संघियता स्थापना भएपछि १५ वर्षसम्म जनप्रतिनिधि विहिन रहेको अवस्थामा ऐतिहासिक निर्वाचन मार्फत आज यस अवस्थामा आइपुगेका छौ । आज हामी विधिवत रुपमा निर्वाचित भएर पदवहाली भएको पनि तिन वर्ष वढी भइसकेको अवस्था छ, हामी स्थानिय सरकारको रुपमा आउदै गर्दा कार्यालय तथा वस्ने कुर्ची समेत नभएको अवस्थामा निर्वाचित भएर आज यस अवस्थामा रहेका छौ । आज नोवेल कोरोना भाइरस (कोभिड १९) को कारण विश्वभरि महामारी फैलिरहेको समयमा कोभिड १९ लाई नियन्त्रण तथा यसबाट बच्नको लागी संसार भरिका मानव जाती जुधिरहेको यो संकटको बावजुट पनि तमानखोला गाउपालिकाको चौथोनिति, वजेट तथा कार्यक्रम यस सभामा पेश गर्न पाउदाँ गौरवान्वित महशुस गरेका छौ । संघिय व्यवस्था एक त देशकै लागी नयां अभ्यास तथा १५ बर्ष सम्म जनप्रतिनिधि विहिन रहनु कुनै पनि देशको लागी राम्रो थिएन, देशमा अझै पनि संघियताको संक्रमणकाल रहेकोले संविधानमा स्थानिय तहका धेरै अधिकारहरु उल्लेख गरिएता पनि सवै अधिकारको स्थानिय तहमा स्थापित गर्न नसकिनु तथा राज्यको माथिल्लो तहमा वसेका हरुको अझै पनि केन्द्रीकृत मानसिकताकाबावजुट पनि संघियताले विस्तारै गति लिदै गरेको छ ।

हामी देशमा संघीय गणतन्त्रात्मक मुलुक स्थापना भै सम्पन्न भएको पहिलो ऐतिहासिक स्थानिय तहको निर्वाचनमा विधिवत रुपमा निर्वाचीत भएकोले पनि इतिहासमा दर्ज भै सकेका छौ, जुन

गौरव गर्न लाएक छ, एकातिर संघियता स्थापना भईसकेपछि तथा स्थानिय तह स्थानिय सरकार भै सकेपछि जनताले आफनो घरदैलोमै सरकारको उपस्थीति पाउनु पनि निकै गौरवको विषय हो ।त्यसैले हाल स्थानिय तहमा जनताका समस्या, आवश्यता र आशा, अपेक्षा,आकाक्षांहरु ह्वातै वढेका छन, हाम्रो गाउँपालिका अन्य पालिका भन्दा दुर्गम तथा जटिल भुगोल हुनु, छरिएका वस्तीहरु हुनु, इमेल इन्टरनेटको सहज पहुँच नहुनु गाउँघरमा बैदेशिक रोजगार तथा शहरकेन्द्रीत मानसिकताले गाउँघरमा युवापुस्ता न्युन हुनु तथा नेपालको संविधानले व्यवस्था गरेको संघियताकार्यन्वयन गर्दा तिन तहको सरकार विच सहकार्य, सहअतिस्व समन्वयमा र अधिकार बारे प्रस्त नहुदा अन्योलमा रहेको अवस्था भएकोले सोचे अनुसार काम गर्न नसकिएको व्यहोरा अवगत समेत यस सभालाई गराउन चाहन्छु ।

यसका बाबजुद पनि हामीहरुले यस पालिका भित्रका सवै वडाहरुका सवै वस्तीहरुमा मोटरवाटो पुयाउनु, स्वास्थ्य चौकि नभएका तिन वटा वडाहरुमा आधारभुत प्राथमिक स्वास्थ्य केन्द्र (सामुदायीक स्वास्थ्य एकाई)र स्वास्थ्य संस्था भन्दा एक घण्टा भन्दा बढि समयलाग्ने तिन वटा टोल/समुदायमा प्राथमिक उपचार परामर्श केन्द्र स्थापना गरि आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउनु, तथा पालिका भित्रमा बालकक्षा र २१वटा विद्यालयमा कम्प्युटर शिक्षक सहित ४५ जना पालिकाको स्रोतवाट व्यवस्थापन तथा विद्यालयका आधारभुत पूर्वाधार निर्माण गरि शिक्षालाई थप व्यवस्थीत तथा प्रभावकारी गराइनु,पर्यटन, कृषी, पशु, विद्युत, प्राकृतिक स्रोत परिचालन लगायत धैरै जनताहरुलाई खानेपानि, स्वास्थ्य सरसफाईको पहुचँमा पूयाउनु, सामाजिक विकृति तथा विसंगति न्युनिकरणका लागी गरिएका प्रयासहरु निकै सार्न्दभिक तथा प्रशसां गर्न लाएक छन, पालिकाको यस्ता कार्यहरुमा सहयोग पूयाउनुहुन सम्पूर्णमा हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्न चाहन्छु ।

**सम्मानित सभाका**
**सभाध्यक्ष ज्यू,**

**१. स्थानीय तहको संक्षिप्त परिचय**

तमानखोला गाउपालीका गण्डकी प्रदेश बागलुङ जिल्लाको पश्चिममा पर्दछ । तमानखोला गाउपालिका साविकको बागलुङ जिल्लाको तिन गा.वि.स. मिलाएर बोंगादोभान, तमान र खुंखानीलाई तमानखोला गाउपालिका निर्माण गरिएको छ । जुन जनसंख्याको हिसावले महिला ५९८२ र पुरुष ४६७७ गरी जम्मा १०,६५९(जनगणना:२०६८), (पुरुष ५४४४, महिला५८०८, जम्मा ११,२५२ तमानखोला गाउपालिको प्रोफाइल बनाउदा गरिएको घरधुरी सर्वेक्षणको आधारमा २०७५) रहेको छ । तमानखोला गाउपालिकामा अनुपातमा ३२ प्रतिशत गरिबीको अवस्था रहेको छ । पूर्वमा :- म्याग्दी, पश्चिममा :- ढोरपाटन नगरपालिका र ढोरपाटन शिकार आरक्ष, उत्तरमा म्याग्दी र दक्षिणमा ढोरपाटन नगरपालिकामा रहेको क्षेत्रफल हिसाबले १७८.०२ वर्गकिलोमिटरमा फैलिएको छ । साविकको बोंगादोभान गा.वि.स.को १-५ वडा लाई १ नं. , ६-९ वडालाई २ नं., तमानको १-६ वडालाई ३ नं., ७-९ वडालाई ४ नं. र खुंखानीको १-६ वडालाई ५ नं., ७-९ वडार्ला ६ नं. वडा गरी ६ वटा वडामा विभाजन गरिएको छ । तमानखोला गाउपालीका भालीबाङको फेडी देखी सिल्गुम, अंकुटेको धुरी, नौडल्लेको पहाड, शोलेडाडा, अमिलचौर, राङगुलीको धुरी सम्म फैलिएको छ । जहा विशेष गरी अधिकांश दलित (वि.क., हर्मेल,

रसाइली, सुन्चौरी, श्रीपाली, गोतामे, नेपाली, जक्तपुरी, सुनार, घमाल, तोम्ता,) (५७.१ प्रतिशत) जनजाति (मगर, छन्त्याल, थकाली) (३९.१ प्रतिशत) र आंशिक रुपमा क्षेत्री, बाहुन (२.९ प्रतिशत) अन्य (०.४ प्रतिशत) बसोबास रहेको छ। शैक्षिक संस्था सामुदायिक विद्यालयतर्फ  तिन वटा मा.वी., छ वटा आधारभुत विद्यालय, र बाह्र वटा प्रा.वी. २१ वटा र निजी विद्यालयतर्फ दुई वटा गरी जम्मा २३ वटा शैक्षिक संस्था रहे पनि अनुपातमा ७५ प्रतिशत साक्षरता  २५ प्रतिशत निरक्षरता रहेको छ। स्वास्थ्य संस्था तर्फ एक इलाका स्वास्थ्य चौकी, दुई स्वास्थ्य चौकी र तिन वटाप्राथमिक स्वास्थ्य उपचार केन्द्र (सामुदायिक स्वास्थ्य इकाइ) तिन वटा प्राथमिक उपचार परामर्श केन्द्र रहेको छ। समुद्री सतहदेखी १५०० देखी ४००० मिटर सम्मको भुभाग ओगटेको र २८०० मिटर उचाइ सम्म मानव बस्ती रहेको छ। तमानखोला , सेउलाखोला र बोंगाखोला गरी तीन वटा खोलाको संगम स्थल वोंगादोभान हाल गाउपालिकाको कार्यलय रहेको छ। मुठाचौरको बहरा ताल , साडीवनको बहराताल, नाव चुलीको ताल ,बयलीको पुठाले खोलेको ताल, अमिलचौरको तालबोटको ताल रहेको छ। कृषिमा धान, मकै, जौ, घौ, सिमी , कल्ला (केराउ), फापर, आलु, पिडालु, फर्सी, काकोको कृषितर्फ तथा  गाई ,भैसी, भेडा, बाखा, खच्चड पशुतर्फ परम्परागत तथा निर्वामुखी तरीकाले पाल्छन अधिकांश जनताहरु कृषिमा आधारीत रहेका छन । प्रयोग र उत्खननमा नआएका फलामखानी, तामाखानी सिसाखानी, झल्कने ढुङ्गा( पट्थर)(Money Stone) , ढुङ्गाखानी रहेको छ । भुङ्सल्ला, थिङ्के सल्ला, खर्सु, फलात, सिरमो, लालीगुरास जस्ता वोटविरुवा पाइन्छ। सतुवा, चिराइतो, पाचऔले, लसुनेसाग, अमिलो, रक्तमुल, टिमुर, सिल्टीमुर सेतपचिनी जस्ता जडिबुडी पाइन्छ। भने चितुवा, बदेल, भालु, मृग, घोरल, डाफे, मुनाल, कालिज, फक्रास, जस्ता जिव जनावर तथा पशुपंक्षी पाइन्छन।

**सम्मानित सभाका**
**सभाध्यक्ष ज्यू,**

**२.बार्षिक नीति, बजेट तथा कार्यक्रम तर्जुमाका लागी अवलम्बन गरिएको पद्धति**

१. सामाजिक दुरी कायम गरि टोल वस्ती स्तरमा समस्या र आवश्यकताको पहिचान र योजना छनोट छलफल गरिएको छ।

२.सामाजिक दुरी कायम गरि वडा भेलाबाट छलफल, सुझाव संकलन गरि वडा समितिले योजना प्राथमिकीकरण गरिएको छ।

३.विषयगत समितिमा योजना पढेर छलफल गरि विषयगत योजना छनोट गरि विषयगत समितिले प्राथमिकरण गरिएको छ।

४.गाउपालिका भित्रका क्रियाशिल राजनितिकदल, विषय विशेषज्ञबाट सुझाव संकलन गरिएको।

५.स्रोत अनुमान तथा योजना वजेत सिमा निर्धारण समीतिबाट विषयगत आधारमा बजेत निर्धारण गरिएको ।

६.बजेत तथा योजना तर्जूमा समितिले छलफल गरी योजना प्राथमिकिरण आधारमा प्रस्तावित वजेत पेश गरिएको ।
७.कार्यपालिकाबाट छलफल र कातछात गरि पास गरिएको ।
८.गाउसभाको छलफलबाट पारित गरिएको ।

**३ आयोजना प्राथमिकिकरणका आधारहरु**

१. नेपालको संविधान
२. स्थानिय सरकार सञ्चालन ऐन,२०७४
३. राष्टिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
४.अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
५. संघीय र प्रदेश सरकारले जारी गरेको नीति, कानुन तथा मापदण्डहरु
६. स्थानीय तहमा वजेत तर्जुमा, कार्यान्वयन,आर्थीक व्यवस्थापन तथा सम्पति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४
७. संघीय, प्रादेशिक र स्थानीय तहको आवधिक विकास योजना
८. स्थानीय तहको मध्यमकालिन खर्च संरचना
९. स्थानियस्रोत साधन, स्थानिय ऐन, नियम,कानुन तथा कार्यविधिहरु
१०. विकासका अन्तरसम्बन्धित विषयहरु
११.नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताबाट सिर्जित दायित्वहरु संघ र प्रदेश सरकारले अबलम्वन गरेका अन्य आर्थिक नितिहरु

**४.अल्पकालिन योजना छनोट**

तमानखोला गाउपालिकाका जनताहरु संग प्रत्यक्ष सरोकार राख्ने कुनै योजना वा आवश्यकता, समस्याहरु थोरै रकममा पनि सम्पन्न हुनेखालका हुन्छन जुन खानेपानी मर्मत , गोरेटोबाटो मर्मत निर्माण , विद्यालयका भौतिक पूर्वाधार मर्मत सम्भार, सामाजिक तथा सामुदायिक निर्माणका कुरा हरु, झो.पू. मर्मत जस्ता योजनाहरु जुन साना तिना लगानीमा सम्पन्न गर्न सकिने र प्रत्येक्ष जनजिवन संग सरोकार राख्ने खालका योजनाहरुअल्पकालिन योजना छनोटका प्राथमिकरणका आधार हुन ।

**५. दिर्घकालिन योजना छनोट**

तमानखोला गाउपालिकाको प्राकृतिक सम्भावना, आयस्रोतका आधार, विकास र सम्बृद्धी संग जोडिएका भौतिक पूर्वाधार निर्माण शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि, पशुपालन, सहकारी, खेलकुद, पर्यटन, जलविद्युत, जडिवुटी, सडक, साना सिचाई, वातावरण संरक्षण तटबनन्धन, लघुउद्यम जस्ता कुराको माध्यमबाट आर्थिक विकास गर्न सकिने र कोभिड १९ नियन्त्रण गरिने । गरिवी निवारणमा प्रत्यक्ष टेवा पुग्ने । उत्पादनमुखी र प्रत्यक्ष लाभ हुने । दिगो विकास, र विपद व्यवस्थापन हुने । मानव समुदायमा प्रभाव पारेको विश्व जलवायू परिवर्तन कम वा न्यूनीकरण गर्ने  र संस्कृति, संस्कार र सास्कृतिक प्रवर्द्धन संरक्षण हुने खालका विषयलाई दिर्घकालिन योजना छनोट प्राथमिकरणका प्रमुख आधार हुन ।

**६.आगामी आ.व. २०७७/०७८ को निति, कार्यक्रम तथा बजेट**

**१.सोंच**

समुन्नत, समतामुलक, र सम्वृद्ध तमानखोला गाउँपालिका ।

२.**लक्ष्य**

समानता, परिस्कृत, सु-संस्कृत समाज र विकासित गाउँपालिका बनाउने ।

३.**उदेश्य**

शैक्षिक रुपान्तरण, गरिवी न्यूनिकरण, उत्पादनमुलक, रोजगार सृजना, सामाजिक न्यायमा आधारित, न्यायोचित वितरण, सम्पन्नता र आत्मनिर्भर गाउँपालिका बनाउने ।

**४.अपेक्षित उपलब्धी**

तमानखोला गाउपालिकाका आठौ गाउसभाको प्रमुख विषय शैक्षिक, सामाजिक, आर्थिक विकासमा तुलनात्मक रुपमा अहिलेको भन्दा शैक्षिक संस्थाहरु सुधारिएको हुनेछ, बालबालिकाको शैक्षिक क्षमता औसतमा ५ प्रतिशतले बढ्ने छ । समाजमा रहेको परम्परागत कुरीति, बिकृतिको न्यूनिकरण भई सभ्य समाज उन्मुख हुनेछ । बार्षिक आर्थिक बृद्धीदरमा औसतमा ५ प्रतिशतले बृद्धी हुनेछ । कृषि क्षेत्रमा उत्पादन र व्यवस्थापनमा बार्षिक औसतमा १० प्रतिशतले बृद्धी हुनेछ । मानव विकासको सुचकाङ, लैङ्गिक सशक्तिकरण, सामाजिक भेदभाव, र पूर्वाधार विकासको बृद्धी हुनेछ ।

**७.वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएको प्रमुख नीति तथा आधारहरु**

क) आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुर्‍याउने

ख) उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,

ग) जनताको जिवनस्तर, आम्दानी र रोजगार बढ्ने

घ) स्थानीय सहभागिता जुट्ने स्वयम् सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने

ङ) स्थानीय स्रोत साधन र सिपको अधिकतम प्रयोग हुने

च) युवा,महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने

छ) लैङ्गिक समानता र सामाजिक समावेशिकरण अभिबृद्धि हुने

ज) दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुर्‍याउने

झ)भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिबृद्धिमा सघाउ पुर्‍याउने

**८.समग्र नीति तथा आधारहरु**

१.संघिय सरकार, प्रदेश सरकार लगाएतका उपल्लो निकायबाट प्राप्त निर्देशन, मार्ग दर्शन, परिपत्रलाई कार्यन्वयन गर्दै तमानखोला गाउँपालिकाका जनताहरुको प्रत्यक्ष लाभ हुने, रोजगार सृजना गर्ने, आयआर्जन बृद्धिहुने कार्यक्रम गर्ने उदेश्यका साथा "**शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूवाधार,तमानखोला सम्बृद्धि र विकासको आधार**"भन्ने मुल नारा सहित बजेट तथा कार्यक्रम अघि बढाइएको छ ।

सम्मानित सभाका

सभाध्यक्ष ज्यू,

**९. क्षेत्रगत नीति तथा आधारहरु :**

**१.सामाजिक क्षेत्र**

**१. शैक्षिक निति तथा कार्यक्रम**

नेपालको संविधान २०७२ ले व्यवस्था गरेको संवैधानिक अधिकार शिक्षाको मौलिक हक धारा ३१धारा २२१ अनुसुची ८ सुची नं. ८ तथा स्थानिय सरकार सञ्चालन ऐन २०७४ ले दिएको आधारभुत

र माध्यामिक शिक्षाको व्यवस्थापन तथा संचालन गर्ने अधिकार संग रही तमानखोला गाउपालिकाका बालबालिकाहरुको पढ्न पाउने नैसर्गिक अधिकारलाई ग्यारेन्टी गर्दै सम्पुर्ण शैक्षिक संस्थालाई शैक्षिक वातावरण निर्माण गर्दै गुणस्तरिय शिक्षा प्रदान गरि प्रत्येक नागरिकमा सहिष्णुता, सदाचार, नैतिकता र मानविय मुल्यको प्रवर्द्धन गरि असल, अनुशासित,शिक्षित, योग्य र सक्षम नागरिक उत्पादन गरि स्थानिय, राष्ट्रिय, र विश्वव्यापी रुपमा आवश्यकतामा आधारित प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति तयार गर्नतमानखोला गाउपालिकाले शैक्षिक नीति, वजेट तथा कार्यक्रम पेश गरिएको छ ।

१ भौगोलिक अवस्था र जनसङ्ख्याको आधारमा प्रारम्भिक बालविकास तथा शिक्षाको लागि सञ्चालन अनुमति दिइ वालविकाससहजकर्ताको व्यबस्थापन गदै लगिनेछ । सञ्चालित वालविकास लाई निरन्तरता र थप व्यवस्थित बनाइदै लगिने छ।

२ वालबिकास सहजकर्ता लाई बाालमनोविज्ञान सम्बन्धि तालिम दिई सक्षम बनाउने र वालशिक्षालाई लाई अनिवार्य बनाइने छ।

३ निःशुल्क सहज र सर्वशुलभ शिक्षा प्रदान गर्नका लागि स्थानिय करार शिक्षक थाप गर्न का लागि अनुमति दिइने छ र कार्यरत शिक्षक लाई निरन्तरता राख्ने छ ।

४. प्रविधिमैत्री शिक्षण सिकाई र कम्प्युटर विष्यको शिक्षण गर्नका लागि कम्प्युटर शिक्षक करारमा नियुक्ति गर्न विद्यालयलाई अनुमति दिइने छ र कार्यरत कम्प्युटर शिक्षकलाई क्षमता विकासका लागि प्राविधिक तालिम दिइने छ ।

५. सामुदायिक विद्यालयमा कार्यरत कर्मचारीहरुलाई प्रदान गरिदै आएको अनुदान रकम निरन्तर दिइने र लेखा शिक्षकका लागि लेख व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन गरिने छ ।

६. सामुदयिक विद्यालयको भौतिक पूर्वाधार निर्माण गरी विद्यालयलाई पूर्वाधार सम्पन्न बनाउँदै लगिने छ ।

७. सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई कृषिको महत्व बोध गराई आधुनिक कृषि प्रणालीको ज्ञान तथा सीप विकास गर्दे कृषि उत्पादन मा जोड दिन एक विद्यालय एक उत्पादन कार्यक्रम सञ्चालन गरिने छ ।

८. सामुदायिक तथा संस्थागत विद्यालयको समग्र पक्षको सुक्ष्म अध्ययन गर्न सगन विद्यालय अनुगमन कार्यक्रम सञ्चालन गरिने छ ।

९. पालिकाले सञ्चालन गर्दे आएको उपलब्धि परीक्षा वार्षिक परीक्षा र कक्षा ८ को परीक्षालाई थप व्यवस्थित गरिने छ ।

१०. विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न आवश्यकताका आधारमा शैक्षिक सामाग्री तथा पाठ्यसामाग्री वितरण गरिने छ ।

११. पालिकाले सञ्चालन गर्दे आएको शिक्षक तथा विद्यार्थी लाई निरन्तरता दिइने छ ।

१२. विद्यालयमा सवै शिक्षक एकसाथ शिक्षकको मूल्याङकन विद्यार्थीको हात कार्यक्रम कार्यान्वयन गर्न विद्याथीलाई सक्रिय बनाइने छ ।

१३. स्थानिय शैक्षिक सामाग्री निर्माण तथा प्रयोगमा वृद्धिगर्नका लागि शैक्षिक सामाग्री प्रदर्शनी कार्यक्रम सञ्चालन गरिने छ ।

१४. गाउँपालिका भित्रका न्यूनतम योग्यता पुगेका शिक्षित जनशक्तिहरुको लगत संकलनगरी आवश्यकताका आधारमा विद्यालयमा परिचालन गरिने छ ।

१५. सामुदायिक विद्यालयका शिक्षक, कर्मचारी राष्ट्रसेवक कर्मचारी, जनप्रतिनिधि तथा राज्यको स्रोतबाट पारिश्रमिक लिने सम्पूणै पदाधिकारी का छोराछोरीहरुलाई सामुदायिक विद्यालयमा भर्ना गर्ने निति अवलम्बन गरिने छ ।

१६. विद्यार्थी संख्याको आधारमा एक विद्यालय एक पुस्तकालय को व्यवस्था गरिने छ ।
१७. कोभिड-१९ जस्ता महामारी र विषम परिस्थिति को बेला पनि शैक्षिक गतिमा क्षति नपुगोस भन्ने अभिप्रायले वैकल्पीक माध्यमबाट सिकाई सहजीकरण गरी विद्यार्थीको सिकाइलाई निरन्तरता दिइने छ ।
१८. विषयगत शिक्षक तालिम पूर्नताजिगी तालिम, सूचना प्रविधि तालिम प्र.अ. तथा वि.व्य.स. लाई विद्यालय व्यवस्थापन तालिम सञ्चालन गरिने छ ।
१९. प्र.अ.,शिक्षक,वि.व्य.स. पदाधिकारीलाई नमुना विद्यालयको अवलोकन भ्रमण गराईने छ ।
२०. उच्च शैक्षिक उपलब्धि हासिल गर्ने विद्यालय, प्र.अ., शिक्षक तथा विद्यार्थीलाई पुरस्कृत गरिने छ । र न्यून सिकाइ भएकाहरुलाई सिकाई उपलब्धि वृद्धि गर्न अनुदानको व्यवस्था गरिने छ ।
२०. अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरि असल अभिभावकलाई पुरस्कृत गरिने छ ।
२१. विद्यालय बाहिर रहेका व्यक्ति हरुको लगत संकलन गरी अनिवार्य रुपमा विद्यालयमा भर्ना गरिने र कम्तीमा आधारभूत तहको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक तहसम्म निशुल्क शिक्षाको व्यवस्था गरिने छ ।
२२. शैक्षिक सामाग्री तथा Teacher Diaryसहित शिक्षक कक्षाकोठामा प्रवेश अनिवार्य गर्नका लागि एक शिक्षक एक झोला कार्यक्रम लागु गरिने छ ।
२३. प्रत्येक विद्यालयमा ज्वरो नाप्ने थर्मल गन, तौल नाप्ने यन्त्र र प्राथमिक उपचार कक्षको व्यवस्था गरिने छ ।
२४. विद्यालय व्यवस्थापन समिति, अध्यक्ष, शिक्षक अभिभावक संघ अध्यक्षलाई काम कर्तव्य र अधिकार सम्बन्धि गोष्ठी सञ्चालन गरिने छ ।
२५. निश्चित शैक्षिक मापदण्डका आधारमा नमुना विद्यालय छनौट गरी पुरस्कृत गरिने छ ।
२६. सबै सामुदायिक विद्यालयलाई Junk Foodनिषेधित क्षेत्र घोषणा गरी कक्षा ५ सम्मका विद्यार्थीलाई विद्यालयमै दिवा खाजा कार्यक्रम कार्यान्वयन गर्ने र कक्षा ५ भन्दा माथिका विद्यार्थीलाई एक विद्यार्थी एक हटकेस कार्यक्रम सञ्चालन गरिने ।
२७. कक्षा ६ देखि कक्षा १२ सम्म अध्ययन गर्ने सामुदायिक विद्यालयका सबै छात्राहरुलाई स्यानिटरी प्याडको व्यवस्था गर्ने ।
२८. तमानखोला गाउँपालिका गाउँशिक्षा ऐन परिस्कृत गरी कार्यान्वयन मा ल्याइने ।
२९. तमानखोला गाउँपालिका अन्तर्गतका विद्यालयमा करार शिक्षक छनौटका लागि विषय विज्ञको प्रावधान बनाई पालिका स्तरमै विषयविज्ञ छनौट  गर्ने ।
३०. सामुदायिक विद्यालयमा सत्यापन कार्यक्रम सञ्चालन गरिने ।
३१. सबैविद्यालयमा विज्ञान प्रयोगशाला निर्माण तथा व्यवस्थापन गरिने ।
३२. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्न शैक्षिक वातावरण निर्माण गर्न, सिकाई उपलब्धि वृद्धि गर्न स्थानीय सरकार, शिक्षक कर्मचारी, वि.व्य.स., अभिभावक बिच समय समयमा छलफल तथा गोष्ठी सञ्चालन गर्ने ।
३३. गरिब तथा जेहेन्दार विद्यार्थीको पढाइमा सहयोग गर्न छात्रवृत्ति कोषलाई निरन्तरता दिइने ।
३४. रेडियो शिक्षा सञ्चालन, अडियो भिडियो शिक्षण सिकाई सामाग्री निर्माण, पत्रकारिता मार्फत शैक्षिक सिकाइ सामाग्री निर्माण शैक्षिक तथा सार्वजनिक कार्यत्रम सञ्चालन सिपको विकास गर्न प्रारम्भिक बाल विकास देखि विद्यालय तहसम्मका शिक्षकलाई क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिने छ ।

३५. तमानखोला गाउँपालिका अन्तर्गतका विद्यालयमा नेपाल सरकार द्वारा स्वीकृत शिक्षक दरबन्दीमा यसै गाउँपालिका भित्रका शिक्षक नियुक्ति गरी पठन पाठन गर्न पाइयोस भन्ने लक्ष्यका साथ शिक्षा सेवा आयोगले लिने परीक्षाका लागि शिक्षक सेवा आयोग तयारी कक्षा सञ्चालन गरिने ।

३६. नेपाल सरकारले तोकेको पाठ्यभार घटबड नहुने गरी स्थानीय विषयवस्तु समावेश गर्दै स्थानीय पाठ्यक्रम निर्माण गरी स्थानीय विषयवस्तुको पठन पाठन गरिने छ ।

३७. विद्यालयमा अध्ययनरत विद्यार्थीले कम उमेर वा उमेर नपुग्दै विवाह गर्ने, तह पुरा नगरी कक्षा छोड्ने, विद्यालयमा निरन्तर नहुने तोकिएको गृहकार्य नगर्ने  जस्ता समस्या समाधान गर्न विद्यालयगत रुपमा सचेतनामूलक कार्यक्र सञ्चालन गरिने छ ।

३८. शिक्षकले शिक्षण सिकाई योजना विनानै शिक्षण गरी अप्रभावकारी शिक्षण गर्ने र विद्यार्थीले नियमित गृहकार्य नै नर्गर्ने परिपाटी हटाउन शिक्षकका लागि Lession Plan Diary र विद्यार्थीका लागि Homework Diaryको व्यवस्था गरिने छ ।

३९. गाउँपालिका भित्रका विद्यालयमा शिक्षण सिकाईमा एकरुपता ल्याउन तोकिएको पाठ तोकिएको समयमा शिक्षण गर्न शैक्षिक पात्रो निर्माण गरी सोही अनुरुप शिक्षण गर्ने व्यवस्था गरिने छ ।

४०. उत्कृष्ट शिक्षण गर्न सफल शिक्षकलाई सिकाई उपलब्धि कमजोर भएका  विद्यालयमा शिक्षण गर्न पठाइ गाउँपालिका अध्यक्ष शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यालय अन्तर विद्यालय शिक्षण सिकाइ सञ्चालन गरिने छ ।

## २.स्वास्थ्य निति तथा कार्यक्रम

नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यवाट आधारभुत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने एवं स्वास्थ्य सेवामा समान पहुच प्राप्त हुने विषयलाइ  जनताको मौलिक हकको रुपमा प्रत्याभुत गरेको छ । नागरिकलाइ स्वस्थ वनाउन तमानखोला गाउपालिकाले स्वास्थ्य क्षेत्रमा लगानी  अभिवृद्धि गर्ने एवं गुणस्तरीय सर्वसुलभ निशुल्क स्वास्थ्य सेवामा समान पहुँच स्थापीत गर्दै सवैको स्वस्थ जीवन प्रत्याभुत गरि दिगो विकास सुनिश्चित गर्नुपर्ने कानुनी दायीत्वलाइ पुरा गर्ने नीति लिइएको छ । साथै महिलाहरुको प्रजनन अधिकार **मेरो शरिर मेरो अधिकार** (**My body my right**)लाई थप सुदृढ गरी सेवाको पहुंच तथा उपभोगमा वृद्धि ल्याउनको लागि **"म स्वस्थ, मेरो गाउपालिका स्वस्थ"**भन्ने मुल नाराका साथ स्वास्थ्य नीति तथा कार्यक्रमहरु रहेका छन ।

### १.निति तथा कार्यक्रम पुरा गर्दा अपनाउने रणनितिहरु

१. गुणस्तरीय स्वास्थ्य सेवामा सवैको सहज पहुच हुनेगरी प्रभावकारी सेवा उपलब्ध गराइनेछ ।

२. पोषणयुक्त खानेकुराको वारेमा चेतना बढाउदै पोषण कार्यक्रमलाइ थप प्रभावकारी गराइनेछ ।

३.नवजातशिशु मृत्युदर, शिशु मृत्युदर, मातृमृत्युदर र वालमृत्युदरहरुलाई घटाई औषत आयु वढाइनेछ ।

४.स्वास्थ्य पुर्वाधार, औषधि तथा उपकरणको उपलब्धतामा वृद्धि गरिनेछ ।

५.स्वास्थ्य क्षेत्रमा सरकारी, सहकारी तथा गैरसरकारी क्षेत्रको समन्वय एवं सहकार्य गरि स्वास्थ्य सेवालाई प्रभावकारी गराइनेछ ।

६.स्वास्थ्य सेवाका आयामहरु प्रतिकारात्मक सेवा, प्रवदर्दनात्मक सेवा, उपचारात्मक सेवा, पुनः र्स्थापनात्मक  सेवाहरु समेटेर स्वास्थ्यका कार्यक्रमहरु वनाइनेछ ।

७.स्थानीय स्तरमा उपलब्ध हुने जडिवुटिहरुको व्यवस्थापन र उपयोग गर्दै आयुर्वेद चिकित्सा प्रणालीलाई थप प्रभावकारी गराइनेछ ।

८.नसर्ने रोगको प्रकोपको न्युनिकरणका लागि स्वास्थ्य प्रवदर्दनात्मक सेवामा विशेष जोड दिइनेछ साथै यसको लागि निदानात्मक सेवा र उपचारात्मक सेवालाई विस्तार गरिनेछ ।

९. स्वास्थ्य कर्मीहरुको क्षमता अभिवृद्धी तथा स्वास्थ्य संस्थाहरुको अनुगमन मूल्यांकन प्रणालीलाई व्यवस्थीत गरिनेछ ।

**२.बाल स्वास्थ्य सम्वन्धि नीतिहरु**

१.पुर्णखोप सुनिश्चितता वडा तथा गा.पा.को अवस्थालाई कायम गर्दै हरेक वडाहरुमा खोपको अवस्थाको हरेक वर्ष समिक्षा गरिनेछ । साथै गा.पा. खोप दिवस मनाई पुर्ण खोपको अवस्थालाई हरेकवर्ष सुनिश्चित रहेको घोषणा गरिनेछ ।

२.खोप कार्यक्रमलाई थप व्यवस्थित वनाउनको लागि खोपको सुक्ष्म योजना तर्जुमा कार्यलाई निरन्तरता दिइने छ ।

३. कोल्ड चेन व्यवस्थापनको लागि चाहिने आवश्यक सामाग्री तथा स्थानको व्यवस्थापन गरिनेछ ।

४. गर्भवति महिलालाई हरेक पटक गर्भ जांच गर्न स्वास्थ्य संस्थामा जांदा २ प्याकेट आयोडिन युक्त नुन वितरण कार्यलाई निरन्तरता दिईनेछ ।

६. पोषण शिक्षा कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ । स्थानिय उत्पादन जस्तै : (मकै, जौ, गहु, भटमास, केराउ,) जस्ता अन्नको समिश्रण गरि विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुसार बनाइएको **सर्वोत्तम पिठो**हरेक ६ महिना पुरा गरेको बच्चाको लागि एक/एक केजी उपलब्ध गराउन आवश्यक वजेट व्यवस्था गरिने छ ।

७. हरेक स्वास्थ्य संस्थामा स्थापना गरिएको स्वास्थ्य शिक्षा कर्नर लाई थप ब्यवस्थित गरिने छ र पोषीला खानेकुराको प्रदर्शन गर्ने र स्थानीय स्तरका पोषिला खानेकुराहरुको उपभोग वृद्धि गराउन आवश्यक शिक्षा, परामर्श दिइने व्यवस्था मिलाइने छ ।

८.पांच वर्ष मुनिका वच्चाहरुको उपचार व्यवस्था कार्यक्रमलाई प्रभावकारी वनाइने छ । साथै यस कार्यक्रमलाई व्यवस्थित गर्न आवश्यक औषधी तथा सामाग्रीहरुको उपलब्धताको सुनिश्चित गरिने छ ।

**३.परिवार स्वास्थ्य कार्यक्रम**

१. वर्षमा एक पटक संघ तथा प्रदेशका स्वास्थ्य निकायसंग समन्वय गरी स्थायी वन्ध्याकरण शिविर संचालन गरिनेछ ।

२. नव विवाहीत दम्पतिहरुको पहिचान गरी आवश्यक साधन छनौटको लागि परामर्श प्रदान गरिनेछ ।

३. सम्पुर्ण स्वास्थ्य संस्थाहरुमा ५ वटा साधन डिपो, पिल्स, कण्डमर ।UCD र इम्पलान्ट हरुको सेवा प्रदान गर्न आवश्यक पहल गरिने छ ।

४.सेवाग्राही मैत्री परिवार नियोजन सेवा प्रदान गरिने छ । साथै परिवार नियोजन सेवा दिन तथा परामर्शको लागि छुट्टै गोप्य कोठाको ब्यवस्था गरिने छ ।

५.आमा सुरक्षा कार्यक्रमलाई थप प्रभावकारी वनाउन यातायात खर्चको वितरण प्रणालीलाई चुस्त वनाइने छ ।

७. हरेक बर्थिङ सेन्टरमा एउटा/एउटा प्रसुति कुरुवा कक्ष (waiting room) को स्थापना गरी त्यसको लागि आवश्यक सामाग्रीहरुको ब्यवस्था गरिने छ। यसवाट सुत्केरी हुनु अगावै दिनुपर्ने पूर्व तथा उत्तर प्रसुति सेवालाई प्रदान गर्न तथा सेवा उपभोग वढाउन थप मद्दत पुग्ने छ ।

८.**"इच्छाइएको गर्भ, सुरक्षित तथा स्वस्थ गर्भ"** भन्ने मुल नाराका साथ हरेक गर्भलाई परिवारमा तथा समाजमा उत्सवको रुपमा स्थापित गराउन सामाजिक परिचालन गरिनेछ ।

९. गर्भवती तथा सुत्केरी अवस्थामा हुनसक्ने जटिलता न्यूनिकरणको लागि **"उपाध्यक्ष सुरक्षित मातृ–शिशु कार्यक्रम"** सञ्चालन गरिने छ जस अर्न्तगत निम्न क्रियाकलापहरु हुनेछन:

क. गर्भ रहेको १२ हप्ता देखि सुत्केरी भएको ४५ दिन सम्म २२५ क्याल्सियम ट्यावलेट बितरण,

ख. वर्थिङ सेन्टरहरुमा थप उपचार आवश्यक परेमा वा प्रेषण गर्नुपरेमा लाग्ने एम्बुलेन्स खर्च वापत यस गा.पा बाट सोध भर्ना कार्यलाई निरन्तरता गरिनेछ। रु (५००० देखी १०००० दस हजार सम्म),
ग. पूर्ण गर्भवति जांच एंव पुर्ण संस्थागत सुत्केरी जस्ता अभियानलाई लागू गरिने छ। यसका लागि म.स्वा.स्व.से र स्वास्थ्यकर्मी तथा जनप्रतिनिधीहरु परिचालन गरिने छ। यस अभियानको संयोजक उप( प्रमुखलाई वनाइने छ। साथै पूर्ण गर्भवती जाच र संस्थागत सुत्केरी प्रोत्साहन भत्ता रु १ हजार प्रोत्साहन भत्तालाई निरन्तरता दिईने छ।
घ. स्वास्थ्य संस्थामा प्रसुती गराउने कार्यलाई बधावा दिनको लागि संस्थामा सुत्केरी हुने महिलाहरुलाई घरभेट कार्यक्रम राखिने छ। जसको लागि आवश्यक बजेटको ब्यवस्था गरिएको छ।
१०.PMTCTकार्यक्रमलाई निरन्तरता दिइने छ।
११. स्वास्थ्य आमा समूहलाई सुदृढीकरण गर्ने कार्यक्रमहरु राखिने छ।

**४.रोग नियन्त्रण तथा विपद् ब्यवस्थापन कार्यक्रम**

समयानुकुल आइपर्ने रोगहरुको रोकथाम गर्न तथा सामना गर्न आवश्यक तयारी गरिने छ। महामारीको पुर्व तयारी तथा व्यवस्थापनको लागि प्रतिकारी योजना बनाइ लागू गरिने छ। सर्ने रोग तथा नसर्ने रोगको रोकथामको लागि आवश्यक कार्यक्रम संचालन गरिने छ। । महामारीको पुर्व तयारी तथा व्यवस्थापनको लागि आर. आर. टि. लाइ तयारी अवस्थामा राखिने छ साथै उक्त कार्यलाइ औषधि, खोप तथा स्वास्थ्य सम्वन्धि सामाग्रीहरु तयारी अवस्थामा राखिने छ।

१. विश्वब्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस (COVID-19)रोगको रोकथाम तथा नियन्त्रणको लागि विश्व स्वास्थ्य संगठन (WHO)र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले निर्दिष्ट गरेको उपाय तथा सुरक्षा बिधिहरुको अवलम्बन गरिने छ। कोरोना भाईरस (COVID-19)रोग लगाएत अन्य महामारी र विपद् ब्यवस्थापनको लागि एकमुष्ठ रु. पचास लाखको ब्यवस्था गरिएको छ।

२. क्षयरोगको नयाँ रोगी पत्ता लगाउनको लागि समय समयमा जोखिम स्थानहरु पहिचान गरी परिक्षण शिविर संचालन गरिने छ। डट्स विधिवाट उपचारात्मक पद्दतिलाई थप प्रभावकारी बनाउने छ। यसमा स्वास्थ्य कर्मीको निगरानीलाई वढाइने छ। जटिल प्रकारका क्षयरोगहरु (MDR/SDR ) लाई समयमै पहिचान तथा व्यवस्थापन को लागि पहल गरिने छ। क्षयरोग तथा नसर्ने रोगहरुको समयमै पहिचानको लागि ल्याव सेवाको स्थापना तथा विस्तार गरिने छ। क्षयरोगका विरामिलाई पोषण भत्ताको व्यवस्थापन गरिने छ। साथै क्षयरोगीको परिवारका सदस्यहरु लाई खकार परिक्षण गर्न यातायात खर्चको ब्यबस्था गरिने छ। कुष्ठरोगका विरामि तथा परिवारका लागि जनचेतनामूलक कार्यक्रम ल्याईने छ।

३. नसर्ने रोगको रोकथाम तथा नियन्त्रणको लागि समुदाय तथा विद्यालय स्तरमा बिभिन्न प्रर्वधनात्मक क्रियाकलापहरु सञ्चालन गरिने छ र मूल मन्त्रको रुपमा पेन प्याकेज(PEN Package)लाई थप व्यवस्थित गरिनेछ। यसलाई आवश्यक पर्ने सामाग्रीहरुको व्यवस्थापन गा.पा.वाट नै गरिने छ

**५.महिला स्वास्थस्वंयम सेविका कार्यक्रम**

१. म.स्वा.स्वं.से. हरुलाई स्वास्थ्यका सम्पूर्ण कार्यक्रमहरुमा स्वास्थ्य संस्था र समुदाय बिचको पुलको काम साथै जनचेतना फैलाउने कार्यमा थप उत्प्रेरित गरिने छ।
२.स्वास्थ्य सेवामा वन्चितिकरणमा परेका समुदाय तथा सेवाग्राहीहरुको पहिचान गर्ने, सेवा निरन्तता गराउने, स्वास्थ्य आमा समुहलाई थप सुढृढीकरण गराउन म.स्वा.स्वं.से. हरुलाई थप उत्प्रेरित गरिनेछ।
३.सेवाग्राहीको खोजी गर्ने तथा सेवाग्राहीको निरन्तरताको लागि संचार गर्नको निम्ति विशेष गरि मातृ शिशु तथा वालस्वास्थ्य समन्वयका लागी मोबाईल स्वास्थ्य कार्यक्रम संचालानार्थ म.स्वा.स्वं.से. हरुलाई संचार खर्च वापत प्रति महिना रु २०० का दरले प्रदान गरिने छ।

४.तमानखोला गाउपालिका भित्रको छ वटै वडाका टोल टोलमा गर्भवती महिला र पाँच वर्षमुनीका बालबालिकाहरुलाई **स्वास्थ्य तथा पोषण सचेतना छलफल कार्यक्रम** गरेबापत थप प्रति व्यक्ति रु. एक हजार लाई निरन्तरता दिईने छ ।

५.६० वर्ष पुरा भएका म.स्वा.स्वं.से. हरुलाई उनिहरुको योगदानको उच्च सम्माद गर्दै ससम्मान विदाइ कार्यक्रम राखिने छ ।

**६.खानेपानी, सरसफाई तथा गुणस्तर सुधार कार्यक्रम**

१.स्वास्थ्य संस्थावाट निस्कने फोहोरमैलाको उचित व्यवस्थापनका लागि विश्व स्वास्थ्य संगठन तथा स्वास्थ्य सेवा विभागले प्रकाशन गरेका निर्देशिकाको पालना गरिने छ ।

२.स्वास्थ्य संस्थाको सरसफाइलाई विशेष जोड दिइने छ । गाउपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुको सरसफाइको नियमित अनुगमन गरी उत्कृष्ट सरसफाइ गर्ने संस्था तथा का.स.हरुलाई पुरस्कृत गरिने छ ।

३. हरेक स्वास्थ्य संस्थामा गुणस्तर सुधार समिति गठन भएको सुनिश्चित गरिनेछ र गुणस्तर सुधारका कार्यक्रमहरु लागू गरिनेछ ।

४. फोहोरमैला व्यवस्थापन तथा गुणस्तर सुधारका लागि आवश्यक पर्ने उपकरण तथा सामाग्रीहरुको उपलब्धतालाई सुनिश्चित गरिनेछ ।

५. गुणस्तरको स्वमूल्याङ्कन गरी उपभोक्ताको सन्तुष्टीमा वृद्धि ल्याउने क्रियाकलाप संचालन गरिने छ ।

६. समूदायबाट निस्कने फोहोर मैला उचित ब्यवस्थापनको लागि समूदाय स्तरको अन्तरक्रिया कार्यक्रमहरु सञ्चालन गरिने छ र टोल स्तरमा फोहोरमैला ब्यवस्थापनको लागि आवश्यक जलाउने खाल्डो (Incinirator) तथा टीनको जम्मा गर्ने भाडोको ब्यवस्था गरिने छ ।

७. समुदाय स्तरमा बितरण गरिएका खानेपानीको गुणस्तर मापन गरिने छ र सुद्धिकरणको लागि आवश्यक ब्यवस्था साथै सचेतनामूलक क्रियाकलापहरु गरिने छ ।

**७.स्वास्थ्य पुर्वाधार**

१.स्वास्थ्य सेवामा सर्वव्यापी पहुंच वृद्धि गर्नको लागि यस गाउपालिका अन्तरगतका स्वास्थ्य संथाको आफ्नै भवन नभएका वडाहरुमा स्वास्थ्य संस्था स्थापना गर्नको निम्ति कम्तिमा ४ रोपनी जग्गाको व्यवस्थापन गर्न आवश्यक पहल गरिनेछ । साथै यसको भवन निर्माणको लागि प्राप्त हुने वजेटमा संघिय सरकार , प्रदेश सरकार तथा दातृ निकाय संग समन्वय, सहकार्य र सहलगानीमा  काम गर्न समपुरक वजेटको व्यवस्था समेत गरिनेछ ।

२.हरेक वडामा स्वास्थ्य संस्था स्थापनालाई ब्यवस्थित गर्नको लागि आधारभूत स्वास्थ्य सेवा सञ्चालन गरिने छ जसको लागि अहिले सञ्चालनमा आएका सामुदायिक स्वास्थ्य इकाईहरुलाई आधारभूत स्वास्थ्य केन्द्रको रुपमा सञ्चालन गरिने छ ।

३. यस गाउँपालिकामा हाल बोङ्गादोभान स्वास्थ्य चौकीमा सञ्चालनमा भईरहेको प्रयोगशालालाई थप ब्यवस्थित गरिने छ । यहि आ.व.मा तमान र खुंखानी स्वास्थ्य चौकीमा थप ल्याब सेवा संचालन गरिनेछ । जसको लागि आवश्यक बजेटको ब्यवस्था गरिने छ।

४. तमानखोला गाउँपालिकामा अत्यावश्यक औषधीहरुको उपलब्धतालाई सुनिश्चित गरि आधारभूत उपचारलाई गुणस्तरिय बनाउन३ वटै स्वास्थ्य चौकीहरुमा**अध्यक्ष फार्मेसी कार्यक्रम** सञ्चालन गर्न आवश्यक बजेटको ब्यवस्था गरिएको छ।

५. हरेक गाउपालिकामा १५ शैयाको अस्पताल स्थापना गर्ने प्रादेशिक नीति अनुसार सो को स्थापनार्थ बोंगादोभान स्वास्थ्य चौकीलाई अस्पताल निर्माण गर्न प्रदेश सरकार संग आवश्यक पहल गरिने छ ।

६.खानेपानी मुहान शुदृढीकरण तथा मुहानको संकलन केन्द्रको सुरक्षा गरी खानेपानीको गुणस्तर कायम तथा सुधार गरिने छ।

७.आवश्यकता अनुसार मासिक तथा त्रैमासिक रुपमा खानेपानीको गुणस्तर सुधारका लागि खानेपानी उपभोक्ता समितिलाई थप जवाफदेही वनाइने छ।

८. तमानखोला गाउपालिकाले संचालन गर्ने गरि एक एम्बुलेन्स खरिद एंवम् संचालन गर्न संघिय, प्रदेश सरकार वा दातृ निकाय संग सहकार्य वा सह लगानीमा बजेट विनियोजन गरिनेछ।

९.तमानखोला गाउपालिका वडा नं. २ को सिल्गुम  वडानं. १ सोम्मर र वडानं. ५ को थासपुरीमा स्थापना गरिएको प्राथमिक स्वास्थ्य उपचार परामर्श केन्द्रहरुबाट प्रदान गरिएको स्वास्थ्य सेवाको प्रभावकारीता मूल्याङ्कन गरि थप व्यवस्थित गरिनेछ।

१०.खुंखानी स्वास्थ्य चौकी, तथा अन्य ३ वटा स्वास्थ्य चौकी नभएका वडाहरुमासंघिय सरकार, प्रदेश सरकार तथा दातृ निकायसंगको सहलगानीमाभवन निर्माण गर्न आवश्यक पहल गरिनेछ।

११. संघिय सरकार प्रदेश सरकार तथा दातृ निकाय संग सहलगानीमातमान स्वास्थ्य चौकीमा कर्मचारी आवास गृह निर्माण गर्नआवश्यक पहल गरिनेछ।

१३. तमानखोला गाउपालिकाको स्वास्थ्य संस्थाहरुको घेराबार तथा संरक्षण गर्न संघिय सरकार, प्रदेश सरकार संग आवश्यक बजेट व्यवस्थाको लागी पहल गरिने छ।

१४.तमानखोला गाउपालिकाको बोङ्गादोभान स्वास्थ्य चौकीमा स्थापना गरिएको एक्सरे सेवालाई ब्यबस्थित गर्दै अरु २ वटा स्वास्थ्य चौकीमा यस आर्थिक बर्षमा सेवा  विस्तार गरिनेछ। जसको लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ।

१५. तमानखोला गाउपालिकाको नर्जाखानी सामुदायिक स्वास्थ्य इकाइमा स्थापना गरिएको बर्डथिङ सेन्टरलाई व्यवस्थित गरिने छ जस्को लागि थप १ जना अ.न.मी. को व्यवस्था गरिएको छ साथै एसबिए तालिम प्रदान गर्नको लागि आवश्यक वजेट व्यवस्था गरिएको छ।

१६.तमानखोला गाउपालिकाका स्वास्थ्य संस्थाहरुको सञ्चालन तथा ब्यवस्थापनको लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

**८.स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली ( HMIS )**

आवश्यकतामा आधारित स्वास्थ्य योजना, समयै सहि सूचनाको प्रवाह र स्थानिय सूचनाको अधिकतम प्रयोगको लागि स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाइ प्रभावकारी वनाउन निम्न नीति तथा कार्यक्रमहरु अवलम्बन गरिने छ।

१)स्वास्थ्य संस्थाहरुवाट गरिने मासिक प्रतिवेदनलाई निरन्तरता दिइनेछ।

२)म.स्वा.स्वं.से.हरुको कार्यको मासिक समिक्षा गरि थप प्रभावकारी वनाइनेछ साथै नियमानुसार उत्प्रेरणा प्रदान  गरिनेछ।

३)स्वास्थ्य संस्था प्रमुखहरुको मासिक वैठक तथा समिक्षालाई  प्रभावकारी, गुणस्तरिय, सत्य तथ्य मा आधारित गराइनेछ तथा मासिक प्रतिवेनलाई स्वास्थ चौकि प्रमुख तथा कर्मचारीको मुल्यांकनको आधार गराइनेछ।

४)मासिक अनलाइन तथ्याङ्क प्रवेष्टीकरणको लागि आवश्यक पर्ने इन्टरनेट सेवालाई उपलब्ध गराउन गराईने छ।

५).स्वास्थ्य सेवाहरुको रेकर्डिङ तथा रिपोर्टिङको लागि आवश्यक पर्ने फाराम रजिष्टर छपाईका लागि यथोचित वजेट व्यवस्थापन गरिने छ।

६).स्वास्थ्य संस्थाहरुको नियमित अनुगमन तथा सुपरीवेक्षण कार्यलाई थप प्रभावकारी  गराइनेछ।

७).स्वास्थ्य संस्थाहरुको तथा स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्दि वा तालिम गर्नका लागि सम्वन्धित निकायहरुसंग समन्वय गरिने छ ।

८).रेकर्डिङ रिपोटिङ कार्यमा लागी  स्वास्थ्य कर्मिलाई DHIS2 को तालिमको लागि प्रवन्ध मिलाइने छ ।

**९.सामाजिक सुरक्षा कार्यक्रम**

१).राष्ट्रिय विमा कार्यक्रमलाई प्रसार प्रसार गरी थप प्रभावकारी बनाइने छ । साथै विमा अभिकर्ता र स्वास्थ्य संस्थामा विमा समन्वयकर्ता लाई समन्वय, सहकार्य र परिचालन गरिने छ ।

२).विमितहरुको संख्या वृद्दि गर्ने खालका समुदायस्तरमा क्रियाकलापहरु संचालन गरिनेछ । (घरदैलो कार्यक्रम, विमा दर्ता शिविरहरु) विमितहरुको नियमित नवीकरणको लागि प्रोत्साहित गरिने छ ।

३).गरीवीको परिचय पत्र प्राप्त गरेका अति गरिब, विपन्न नागरीकहरुको विमाको लागि गाउपालिकाको तर्फवाट गरिएका विमितको नविकरण गर्ने व्यवस्था मिलाइने छ ।

४).जडिवुटि प्रशोधन केन्द्रको स्थापना साथै आयुर्वेद सेवालाइ थप व्यवस्थित एवं विस्तार गर्न आवश्यक पहल गरिनेछ ।

**१०.स्वास्थ्य शिक्षा र व्यवहार**

१).विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस (COVID-19)संगसंगै स्वास्थ्य व्यवहारमा आएको परिवर्तनलाई दिर्घकालिन बनाउन अवसरको रुपमा **"स्वस्थ नागरिक, स्वस्थ घर, स्वस्थ गाउ"**जस्ता अभियानहरु संचालन गरिनेछ ।समयानुकुल प्रभाव पार्ने रोगहरुको रोकथाम तथा व्यवस्थापनको लागि  रेडियो पत्र पत्रिकाहरुमा सन्देश प्रवाहित गरिनेछ ।साथै तमानखोला गाउपालिकाको वडा वा टोलहरुमा स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गरिनेछ ।

२).स्थानीय स्तरमा हुने विशेष मेला तथा महोत्सवहरुमा स्वास्थ्य शिक्षा प्रवर्धन तथा प्राथमिक उपचार डेक्स संचालन गरिनेछ ।

३).स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य शिक्षा कर्नरको स्थापना तथा व्यवस्थापनको लागि आवश्यक बजेटको ब्यवस्था गरिने छ ।

४).किशोर किशोरीहरु संग स्वास्थ्यकर्मी हरुको अन्तरक्रिया नियमित गर्ने कार्यको लागि सम्पूर्ण स्वास्थ्य संस्थाहरुलाई किशोर किशोरी मैत्रि संस्था वनाउन आवश्यक पक्रिया गरिने छ ।

५).माध्यामिक शिक्षामा प्रजनन स्वास्थ्यका विषयहरुको तथा बाल तथा छिटो विवाहले पार्ने असर बारेमा कक्षा संचालन गरिनेछ । यसका लागि स्वास्थ्यकर्मीहरुलाई लाई थप प्रोत्साहन गरिनेछ ।

६).समयसमयमा स्वास्थ्यका विभिन्न पक्षहरु समेट्ने गरि जनचेतना अभिवृद्धी हुनेगरी कार्यक्रम संचालन गरिने छ ।जसको लागि स्वास्थ्यका महत्वपुर्ण दिवसहरु म.स्वा.से. दिवस, एड्स दिवस, विश्व स्वास्थ्य दिवस, क्षयरोग दिवस, धुम्रपान विरुद्दको दिवस, रक्तचाप दिवस, मधुमेह दिवस लाई अवसरको रुपमा लिई सर्वसाधारणहरुमा जनचेतना तथा दिवसहरुको मुल मर्म बारेमा जानकारी गराई स्वास्थ्य शिक्षालाई प्रर्वद्धन गरनेछ ।

७).सुर्तिजन्य पदार्थको नियमन ऐन तथा नियमावलीको प्रभावकारी कार्यान्वयन गरिने छ, साथै यसका लागि वजार अनुगमनलाइ नियमित र प्रभावकारी गरिने छ ।

८).स्वास्थ्य क्षेत्र एक वहुआयामिक क्षेत्र भएको हुदा हरेक विषयगत नीतिहरुमा स्वास्थ्यका लक्ष्यहरु हासिल हुनसक्ने नीतिहरु अवलम्बन गरिने छ।

**११.निशुल्क औषधि तथा भण्डारण कार्यक्रम**

१).स्वास्थ्य संस्थाहरुमा तथा वर्थिङ सेन्टरहरुको औजार उपकरणको खरीद तथा व्यवस्थापनको लागि आवश्यक वजेट व्यवस्थापन गरिने छ ।

२).आधारभूत स्वास्थ्य सेवाका लागि आवश्यक पर्ने निशुल्क औषधिहरुको उपलब्धतालाई सुनिश्चित गरिने छ । यसका लागि संघ, प्रदेश तथा अन्य निकायसंग समन्वय गरीनेछ । निशुल्क औषधि को लागि थप रुदश लाख विनियोजन गरिनेछ ।

३).गाउपालिका बाट स्वास्थ्य संस्थाहरुमा औषधि तथा अन्य सामाग्रीहरुको ढुवानीको व्यवस्था मिलाइनेछ साथै संघ तथा प्रदेशवाट प्राप्त हुन आउने औषधिहरुको समेत ढुवानीको व्यवस्था मिलाइनेछ ।

४). स्वास्थ्य संस्थाहरुमा अत्यावश्यक सामाग्रीहरु उपलब्धतालाई सुनिश्चित गरिने छ जसको लागि रु. तीन लाख विनियोजन गरिनेछ ।

५).औषधि, खोप तथा स्वास्थ्य सम्वन्धि सामाग्रीहरुको भण्डारणको लागि आधुनिक भण्डारण कक्षको निर्माण कार्यको लागि आवश्यक पक्रिया गरिने छ ।

**१२.राष्ट्रिय यौन तथा एच.आई.भि.एड्स नियन्त्रण कार्यक्रम**

१).प्रारम्भिक जाँचमा शंकास्पद देखिएका बिरामीहरूलाई सुनिश्चित गरिने जाँचको सेवा पाईने स्थान सम्म जानको लागी यातयात खर्चको ब्यबस्थापनको लागि पहल गरिने छ।

२).PLHIV हरूलाई उपचार केन्द्र (ART site) सम्म जान यातयात खर्चको व्यवस्था गरिने छ।

३).एच.आइ.भि. प्रभावित बच्चाहरूको पोषण तथा शिक्षाको लागी मासिक १ हजार रूपैया प्रदान गरिने क्रियाकलापलाई निरन्तरता दिईनेछ ।

४) हरेक स्वास्थ्य संस्थाहरुमा (PMTCT)जाच सेवालाई निरन्तरता दिइनेछ ।

५) एच.आइ.भि संक्रमित व्यक्तिहरुको लागी परामर्श , हेरचाह साथै जिविकोपार्जनको लागी गैरसरकारी संस्था हरु संग समन्वय र सहकार्य गरिनेछ ।

६) यौन रोगहरुको उपचारको लागि स्वास्थ्यकर्मीहरुको क्षमता अभिबृद्धिको लागि आवश्यक तालिमको ब्यवस्था गर्न पहल गरिने छ ।

**१३.जनसंख्या नीति**

१).विद्यमान आर्थिक, सामाजिक तथा लैङ्गिक असमानतावाट जनसंख्याको वृद्धि, संरचना, वितरण तथा वसाइसराई जस्ता जनसंख्या सम्वन्धि परिसूचकहरुको प्रभावलाई मध्येनजर गरि नीति तय गरिनेछ ।

२).प्रजनन दर, मृत्युदर लगाएतको सूचकहरुको अध्ययन गरि जनसंख्या पार्श्वचित्र (Population Profile) तयार गरी जनसंख्याका आधारमा योजना तर्जुमा गरिनेछ ।

३).मातृ र शिशु मृत्युदर घटाइनेछ, गाउँपालिकामा तमानखोला विकास कोषलाई आधार मानेर अभिभावक विहिन बालबालिकाको रेखदेख, लालनपालन, स्वास्थ्य शिक्षाको ग्यारेन्टी गर्नका लागी एउटा बालगृह संचालन गरिनेछ जसका लागी यस आ.व.मा रु. पाचँ लाख विनियोजन गरिनेछ ।

४).जेष्ठ नागरिकको रेखदेख , उपचार र सामाजिक सुरक्षा तथा यूवा जनशक्तिको वैदेशिक पलायनको उचित व्यवस्थापन अध्ययन गरी स्थानीय स्तरमै रोजगारी सिर्जना गरिनेछ ।

५).जनसंख्याको असमान वितरण, आन्तरिक र वाह्य वसाइसराईको असर मूल्याङ्कन गरिनेछ ।साथै लैङ्गिक असमानताको अध्ययन गरिनेछ ।

६).विद्यालय स्तरमा किशोर किशोरी शिक्षा तथा यौन शिक्षा कार्यक्रम संचालन गरिनेछ ।

७). अपाङ्ग (फरक क्षमता) तथा गरिब विपन्न व्यक्तिको जटिल रोगको स्वास्थ्य उपचारमा आवश्यक सहयोग गरिनेछ ।

९).घरेलु हिसां न्युनिरकणका लागी आवश्यक निति तथा कार्यक्रमहरु संचालन गरनेछ, साथै सामाजीक विकृतिहरु(जाडँ रक्सी, जुवा तास, बालविवाह, छिटो विवाह, बहुविवाह) लगायतलाई न्युनिकरण गर्न गाउँपालिकाले कठोर नितिलाई निरन्तरता दिईने छ र जसको प्रभावको अध्ययन गरिने छ ।

**१४. मेरो वर्ष अभियान**

१) म स्वस्थ मेरो तमानखोला गा.पा. स्वस्थ अभियानलाई निरन्तरता दिईने छ जसको लागि आवश्यक क्रियाकलापहरु सञ्चालन गरिने छ।

स्वास्थ्य प्रणाली र सेवाको विकास गर्नु स्थानिय सरकारको दायित्व हो। यस बाट कुनै पनि सरकार मुक्त हुन पाउदै तर व्यक्ति र परिवार स्वस्थ रहनको लागी हामी हरेकको व्यक्तिगत सचेतनामा प्रतिवद्धता पनि चाहिन्छ। जब व्यक्ति र परिवार स्वस्थ रहन सक्छ तब देश स्वस्थ रहन सक्छ।

२) मेरो पाच प्रतिवद्धता, स्वस्थ जिवनको आवश्यकता

१) म रक्सी चुरोट र सुर्तिजन्य पदार्थ खान्न

२) म नियमिति व्यायाम्  गर्छु

३) म स्वस्थ र पोषिलो खाना खान्छु

४) म नियमित स्वास्थ्य परिक्षण गराउछु

५) म मेरो परिवार र समुदाय स्वास्थ्य प्रति सजग रहन्छु

**१५. अध्ययन, अनुसन्धान तथा सोधकार्य**

१. जनताको आवश्यकता र तथ्यमा आधारित निति तथा कार्यक्रम बनाउनको लागि यस गाउँपालिका भित्र सोध तथा अध्ययन कार्यलाई बढावा दिईने छ। यस कार्यको लागि रु पचास हजारक वजेट विनियोजन गरिएको छ।

२. कुनै पनि बिषयमा स्नातक वा सो भन्दा माथि अध्ययन गरिरहेका विद्यार्थीहरुलाई यस गाउँपालिका भित्र अध्ययन तथा अनुसन्धान गर्न प्रोत्साहन स्वरुप **"तमानखोला गाउँपालिका अध्यक्ष फिलोसिप कार्यक्रम"**सञ्चालन गरिने छ।

**सम्मानित सभाका**

**सभाध्यक्ष ज्यू,**

**२. आर्थिक विकास तर्फ**

**१.कृषि निति तथा कार्यक्रम**

१.तमानखोला गाउपालिकाका अधिकांश नागरिकहरु कृषि पेशामा आधारित भएकोहुनाले र अहिले सम्म परम्परगत तथा निर्वाहमुखी कृषिमा आधारित कृषकहरुलाई व्यवसायिक कृषिमा उत्प्रेरित, प्रोत्साहित गरि कृषिको माध्यमबाट आर्थिक सम्बृद्धि गर्न **"स्वस्थ आहार स्वस्थ वानी, जैविक कृषिमा लगानी"**भन्ने मुलनाराका साथ तमानखोला गाउपालिको कृषि नीति तथा कार्यक्रम ल्याइएको छ।

२.तमानखोला गाउपालिकाको  स्थानिय उत्पादनलाई प्राथमिकता दिई उपभोग गर्ने उदेश्यले मकै, जौ, गहु, भटमास, केराउ, हरुको समिश्रण सर्वोत्तम पिठो, आटो, सिमि र केराउको दाल बनाउन प्रोत्साहन गर्नको लागी वजेट विनियोजित गरिएकोछ।

३.कृषिबाट आत्मनिर्भर तथा कृषकलाई आर्थिक रुपमा सम्पन्न गराउन सामुहिक वा व्यक्तिगत रुपमा नगदे तरकारी खेती गर्न तालिम, विउविजन र मेसिन, औजार उपलब्ध गराउने साथै अनुदानको लागी वजेट विनियोजन गरिनेछ।

४.तमानखोला गाउपालिकाको ६ वटै वडामा वेमौसमी नगदे बाली तर्फ आकर्षण गरी कृषकहरुको आयआर्जन बृद्धि गर्न फलामे प्लाष्टिक टनेल एवं प्लाष्टिक टनेल वितरण गर्न वजेट विनियोजन गरिएको छ।

५.तमानखोला गाउँपालिकामा अर्गानिक कृषिलाई प्रोत्साहन गर्ने र जैविक विषादीको तालिम संचालनका लागी आवश्यक वजेट विनियोजन गरिएको छ ।

६.तमानखोला गाउपालिकाको मौरिपालक कृषकहरुको लागी ५० प्रतिशत अनुदानमा मौरी सहितको मौरीघारवितरण गर्न वजेट विनियोजन गरिएको छ ।

७.तमानखोला गाउपालिकाको सवै कृषकहरुलाई फलफुलको विरुवा (जस्तैः कागती , सुन्तला , ओखर, अलैची, नासपति, किवी, आरु, टिमुर, उखु ) वितरण गर्न वजेट विनियोजन गरिएको छ ।

८.तमानखोला गाउँपालिका सवै वडामा कन्ये च्याउखेतीको लागी विउखरिद गरि वितरण गर्न वजेट अ विनियोजन गरिएको छ ।

९.तमानखोला गाउपालिका भित्रका उत्पादन बृद्धि तथा कृषक प्रोत्साहित गर्न कृषि प्रदर्शनी मेला संचालन गरिने छ ।

१०.तमानखोला गाउपालिकामा उत्पादन भएका कृषि बस्तुहरुको बजारीकरण तथा व्यवस्थापनको लागी सहकारी मोडलमा  कृषि संकलन केन्द्र निर्माण गर्न आवश्यक वजेट विनियोजन गरिएको छ ।

११. तमानखोला गाउपालिकालाई आलु, सिमि र मकैको उत्पादन बृद्धि गरि पकेट क्षेत्रलाई थप जोन, सुपर जोन बनाउन संघिय, प्रदेश सरकार संग समन्वय गरि संचालन गर्न आवश्यक पहल गरिनेछ ।

१२.तमानखोला गाउपालिकामा र्ककलो, फर्सि, लट्टे जस्ता सामान्य तथा स्वास्थ्यका दृष्टीकोणले अति महत्वपुर्ण तरकारी बालिहरुको उत्पादन बृद्धि गर्न आवश्यक वजेट विनियोजन गरिनेछ ।

**२.पशु निति तथा कार्यक्रम**

तमानखोला गाउपालिकाका अधिकांश जनताहरु पशु पालनमा निर्भर भएको हुनाले र तमानखोला गाउपालिका भेडाबाखा, भैसी तथा गाई पालनको लागी अति उपयूक्त क्षेत्र भएकोले पशुपालनबाट मासु, दुध, तथा अण्डामा आत्मनिर्भर भई आर्थिक आयआर्जन गर्न सकिने भएकोले **"दुध मासु अण्डामा स्वस्थता, तमानखोलाको प्रतिवद्धता"**भन्ने मुल नाराका साथ पशु पालनलाई व्यवस्थित गरिनेछ ।

१ तमानखोला गाउँपालिकामा पशुपालन विकाश तथा व्यवस्थापनका लागी औषधी लगाएत आवश्यक सामाग्री खरिद गरि कृषकलाई प्रोत्साहन गर्न वजेट विनियोजन गरिएको छ ।

२.तमानखोला गाउपालिका भित्रका पशुपालक कृषकहरुको लागी सिप तथा क्षमता अभिबृद्धि एवं विमा सम्वन्धमापालिकास्तरिय एवं वडास्तरिय अभिमुखिकरण तालिम, गोष्ठिको लागी आवश्यक बजेट विनियोजन गरिएको छ ।

३.तमानखोला गाउँपालिका भित्रका ६ वटै वडामा वडा स्तरिय मासु र अण्डामा आत्मनिर्भर कार्यक्रमको लागी ५० प्रतिशत अनुदानमा लोकल एवं लेयर्स कुखुराको चल्ला वितरण साथै पशुपालनका लागी आवश्यक बजेट विनियोजन गरिएको छ ।

४.तमानखोला गाउपालिका भित्रका पशुपालक कृषकहरुको लागी सिप तथा क्षमता अभिबृद्धिको लागी विभिन्न निकाय संग समन्वय र सहकार्यमा तालिम संचालनको लागी आवश्यक वजेट विनियोजन गरिनेछ ।

५.तमानखोला गाउँपालिका भित्रका अपाङ्ग, एकल महिलाका लागी कुखुरा वितरण एवं उत्कृष्ट कृषक सम्मान कार्यक्रमका लागी आवश्यक वजेट विनियोजन गरिएको छ ।

६.तमानखोला गाउपालिका भित्रका घुम्टी गोठमा भेडा र बाख्रापालक कृषकहरुको लागी  खोरसुधार एवं आवश्यक सामाग्री (त्रिपाल, लाइट, औषधी, खोप) उपलब्ध गराउन आवश्यक बजेट विनियोजन गरिएकोछ ।

७.तमानखोला गाउपालिकाको  पशु स्वास्थ्य तथा बाझोपन निवारण निःशुल्क पशु स्वास्थ्य शिविर सञ्चालन गर्न वजेट विनियोजन गरिएकोछ । साथै रोग निदान तथा उपचार सेवा र खोप तथा परजिवी नियन्त्रण (कुकुर समेत) कार्यक्रमलाई निरन्तरता दिनको लागी वजेट विनियोजन गरिनेछ ।

**३. आर्थिक शासन एवं सुशासन नीति :**

१. तमानखोला गाउपालिकाको आर्थिक सुशासनलाइ पारदर्शिता र जवाफदेहिता बनाउनको लागी आम्दानी र खर्चको अभिलेख सुत्र मार्फत गरिने छ । गाउँपालिकाको आम्दानीको पहिचान गरी कर संकलनको दाएरा बढाएर आन्तरिक श्रोतको वृद्धि तथा प्रभावकारी बनाइने छ ।

२. तमानखोला गाउपालिकाका व्यवसायीहरुलाई अनिवार्य रुपमा आफ्नो व्यवसाय दर्ता गरी करको दायरामा आउनको लागि आह्वान गरिनेछ । सो कार्यको लागि यस गाउँपालिकाले सहजिकरणको भुमिका निर्वाह गर्नेछ ।

३. तमानखोला गाउपालिकाको आर्थिक चुस्त, दुरुस्त राख्न र नियमानुसार खर्च प्रणाली व्यवस्थि तगर्न अनिवार्य आन्तरिक लेखा परीक्षण नियमित रुपमा गरिने व्यवस्था मिलाइने छ ।

४. खरिद कार्यलाई सार्वजनिक खरिद नियमावली अुनसार  खरिद समितिको निर्णय बमोजिम खरिद गर्ने कार्य गरिनेछ ।

५. गत आर्थिक वर्षको बेरुजु फर्छ्यौट गर्न समपरिक्षण गरि सम्बन्धित निकायसँग ताकेता गरिनेछ ।

६. उपभोक्ता समितिलाई तालिमको व्यवस्था गरी योजना कार्यान्वयन र प्रभावकारी बनाउन प्रोत्साहित गरिने छ ।

७. विलासिताको वस्तु आयात न्यूनीकरण गर्दै स्थानीय उत्पादित वस्तुमा प्रोत्साहन गरिनेछ ।

## ४. सहकारी नीति तथा कार्यक्रम

१.तमानखोला गाउपालिका भित्रका दर्ता भएका सहकारीहरुको क्षमता विकास गर्न तालिम तथा प्रशिक्षण कार्यक्रमको लागी आवश्यक वजेट विनियोजन गरिएको छ ।

२.एक वडा एक सहकारी संचालनका माध्यमवाटछरिएको पूर्जीँलाई एकिकृत गरि सामुहिक लगानीमा प्रोत्साहन गरि उत्पादनमुखी, व्यवसायीकमाध्यमबाट जनताको आयआर्जनको विकास तथा क्षमता विकास गरेर तमानखोलाको सम्बृद्धि संग जोडिने छ ।

३. एक वडा एक सहकारीको माध्यमबाट स्थानीय युवा तथा महिलाका साथै हाल कोभिड-१९ को कारणले विदेशबाट फर्किएका युवाहरुको समेत आवश्यकता पहिचान गरी उद्यमशिल तथा व्यवसायिक तालिमको व्यवस्था गरि स्थानीय उत्पादनको सुपथ मूल्य पसल सञ्चालन, नयाँ उत्पादनका सम्भावनाहरुको खोजि तथा स्थानीय स्तरमा विकास निर्माण कार्यमा समेत परिचालन गर्न सामुहिक तथा सहकारी मोडलमा रोजगार केन्द्रको स्थापना गर्नेप्रोत्साहन,उत्प्रेरित  गरिनेछ ।

४.सहकारी संस्थाहरु संगको सहकार्यमा सहकारी खेती, सामुहिक खेती, चक्लाबन्दी खेती विस्तार कार्यक्रममा जोड दिइनेछ।

५.यस क्षेत्रमा सञ्चालन भएका वित्तिय संघसंस्थालाई व्यवस्थित ढंगबाट सञ्चालन एवं वित्तिय संघसंस्था सबलिकरण कार्यक्रम सञ्चालन गरि वित्तिय संघसंस्थाहरुबाट लगानी हुने ऋण तथा अनुदान हुने रकमलाई गरिबी निवारणमा परिचालन गरिनेछ । सो संघसंस्थाहरुबाट लगानी हुने रकम नेपाल राष्ट्र बैंकले तोकेको प्रतिशतमा र वित्तिय, सहकारी संघसंस्थाहरुलाई न्युनतम ५ प्रतिशत रकम गरिबी निवारणमा लगानी गर्ने नीतिलाई यसै आर्थिक वर्षबाट अनिवार्य लागु गर्ने नीति अबलम्बन गरिनेछ ।

६. युवाहरुलाई स्वरोजगार र आत्मनिर्भर बनाउनको लागि सामुहिक तथा सहकारी मोडलमा प्राविधिक सिप र ज्ञानका लागि आवश्यक वजेत विनियोजन गरिएको छ ।

## ५.पर्यटन नीति तथा कार्यक्रम

१.गाउँपालिका सम्वृद्धिको आधारको रुपमा रहेको पर्यटन क्षेत्रलाई विकासको आधारशिला बनाउन आवश्यक रणनीति तयार गर्न पर्यटन संग सम्बन्धित टान र विज्ञहरुको अध्ययनबाट निस्केको प्रतिवेदन, सल्लाह र सुझाब लिई पर्यटकीय क्षेत्रहरु प्रचार प्रसार गरि विविधिकरण गर्न आवश्यक पर्यटकिय विकास पुर्वाधारका काम लाई निरन्तरता दिइने छ ।

२.तमानखोला गाउपालिकाले पर्यटनको विकास गर्न राष्ट्रिय तथा अन्तर्राष्टिय पर्यटन क्षेत्र ढोरपाटन र गुरिल्ला पदमार्गलाई जोड्दै बोंगादोभान, मुठाचौरको बहराताल, अंकुटे देउराली, धान्चे देउराली, नौडल्ले पहाड, बयलीको धुरी, पुठाले खोलेको ताल, शोले डाडा, अमिलचौर, दुरलेकको धुरी, ताराखोला, घुम्टेको लेक, घोडाबाधे, गाजाको दह पदमार्ग विकास गर्ने आवश्यक पूर्वाधार निर्माण, खानेपानी, पर्यटकिय क्षेत्रको सुचना तथा जानकारी वोर्ड, बास वस्ने स्टेसन, बाटो निर्देशन सुचना निर्माण गर्न समपूरक कोषमा बजेत व्यवस्था गरी संघिय, प्रदेश सरकार तथा दातृ निकायको सहयोग र सह लगानीमा गर्ने कामलाई निरन्तरता दिइने छ ।

३.धार्मिक पर्यटन तथा देवता पुजाको माध्यमबाट तमानखोला गाउपालिकाको विकास गर्न विभिन्न मठ, मन्दिर तथा थानहरुको विकास गर्न संघिय , प्रदेश सरकार तथा दातृ निकायबाट सहलगानीमा निर्माण कार्यलाई निरन्तरता दिइने छ ।

४.गाउँपालिका क्षेत्र भित्र रहेका सार्वजनिक जग्गाहरुलाई गाउँपालिका मातहतमा ल्याउने र त्यस्ता जग्गाहरु तथा पर्यटन विकासका लागि सामुदायिक वन क्षेत्रका जग्गाहरु पर्यटन प्रर्वधन गर्नको लागि उपयोग गर्न कानुनी प्रक्रिया अघि बढाउन कामलाई निरन्तरता दिइने छ ।

५.गाउँपालिकाको संभावित र उपयुक्त पर्यटकिय क्षेत्रहरुको पहिचान सहित पर्यटन पुर्वाधार विकासमा निरन्तरता दिइनेछ ।

६.तमानखोला गाउपालिकाको प्रत्येक वडामाएक वडा एक होम स्टे (घरवास)को विस्तार गर्न आवश्यक पहल तथा वजेट विनियोजन गरिनेछ ।

**सम्मानित सभाका**

**सभाध्यक्ष ज्यू,**

**३.पूर्वाधार क्षेत्र**

आज विश्व नोवेल कोरोना भाइरस (कोभिड १९) को कारणले आक्रान्त भइरहेको सन्दर्भ यसको नियन्त्रण रोकथाममा संसारका मानव जाती लागी रहेको वेला यो संकटको समयलाई अवसर र सम्भावनाको रुपमा लिदै तमानखोला गाउपालिकाको पुर्वाधार विकास गर्नको लागी**“दिगो विकासको आधार, गणस्तरिय पूर्वाधार”**भन्ने नाराका साथ विकासमा जुट्ने प्रतिवद्धता गरेको छ ।

१. तमानखोला गाउँपालिकाको प्रशासकिय भवन तथावडा कार्यालयका भवनहरु निर्माणका लागी आवश्यक बजेट विनियोजन गरिएको छ ।

२. तमानखोला गाउपालिकाको केन्द्रसंग जोडिने रणनैतिक महत्वका सडक र शाखा सडकहरुको स्तरोन्नतिको लागि आवश्यक गुरुयोजना तयार गरि सडक विस्तारको कार्य गरिने छ ।

३. तमानखोला गाउपालिकाले निर्माण गरेका क्रमागत र अधुरो रहेका  सामुदायिक भवन, आमा समुहका भवन, सडक तथा खानेपानी योजनाहरुलाई निरन्तरता दिइनेछ ।

४. गाउपालिकास्तरीय रुपमा कृषि उपज संकलन केन्द्र निर्माणका लागी आवश्यक वजेट विनियोजन गरिएको छ ।

५. सुखी तमानखोला गाउपालिकाबासीलाई आत्मसाथ गर्दै पर्यटन आकर्षण्नको केन्द्रको रुपमा विकास गर्न एक वडा एक पार्क निर्माण कार्यक्रमलाई निरन्तरता दिईने छ ।

६. पर्यटकिय क्षेत्र बहराताल,  ढोरपाटन लगाएतका ठाउहरुमा सडक सञ्जालले जोड्ने संघिय, प्रदेश सरकार संग समन्वय र सहलगानीम सडक विस्तार कार्यलाई निरन्तरता दिइने छ ।

७.तमानखोला गाउपालिकाको पर्यटन विकास संगै विभिन्न समयमा ज्यान गुमाएका शहिदहरुको संभ्कनामा शोलेडाडामा निर्माणाधिन शहिद स्मृति पार्क निर्माण कार्यलाई निरन्तरता दिन वजेट विनियोजन गरिएको छ ।

८.गाउँपालिका स्तरिय खेलमैदान एवं वडास्तरिय खेलमैदान निर्माण  गर्न संघिय, प्रदेश सरकार तथा अन्य निकाय संग समन्वय, सहलगानीमा आवश्यक बजेट विनियोजन गरिएको छ ।

९.तमानखोला गाउँपालिकामा एकघर एकधारा खानेपानी योजना सम्पन्न गर्न खानेपानीको क्षेत्रमा काम गर्ने विभिन्न निकाय वा संस्था, संघिय र प्रदेश सरकारसँग समन्वय सहकार्य र सहलगानीमा सम्पन्न गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

१०. तमानखोला गाउँपालिकाका लघुजलविद्युतलाई व्वस्थित तथा काठको पोल विस्थापन गर्न फलामे पोल गाड्ने काम गर्न आवश्यक व्यवस्था मिलाइने छ ।

११. गाउँपालिकाका ठूला योजनाहरु सञ्चालन तथा प्राकृतिक स्रोत साधन उत्खन्न तथा निकासी गर्दा वातावरणीय प्रभाव मुल्याङ्कन परिक्षणलाई अनिवार्य गरिनेछ ।
१२. तमानखोला गाउपालिकाका शिक्षामा गुणस्तर बृद्धिका लागी भौतिक पूर्वाधार महत्वपुर्ण पक्ष भएकोले सामुदायिक विद्यालयका भौतिक पूर्वाधार निर्माण गर्नको लागी आवश्यक बजेट विनियोजन गरिएको छ ।
१३.वर्षा याममा अवरुद्ध भै वर्षापछि तत्काल वाटो सुचारु गर्न तथा अन्य अवस्थामा वाटो सुचारु गर्नका लागी साथै मर्मत सम्भार गर्नुपर्ने सडकहरुको लागि मर्मत गर्न मर्मत संभार कोषवाटनिरन्तरता दिइनेछ ।
१४. नियम तथा प्रक्रिया पुगी वडा बाट सिफारिस भई आएका आयोजनाहरुका लागी प्राथमिकता अनुसार बजेट विनियोजन गर्दै जाने नीति अवलम्वन गरिएको छ ।
१५.गाउँपालिकाको कुनै पनि भौतिक निर्माण तर्फ कार्य सञ्चालन गर्नु पुर्व ५० लाख भन्दा माथिको ठुला योजनाहरुको हकमा पुर्व सम्भाव्यता अध्ययनलाई अनिवार्य गरिनुका साथै विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयारी पछि मात्र कार्यान्वयनमा लागि कार्यलाई शुरुवात गरिनेछ ।
१६.गाउपालिकाको भौतिक पूर्वाधार निर्माण निर्माण तर्फका आयोजनाहरु बढि लागत सहभागिता वा जनश्रमदान जुट्ने योजनाहरुलाई प्राथमिकता दिइनेछ ।
१७. ५० लाख भन्दा माथिको कुनै पनि योजनाहरुको ठेक्का प्रणालीमा e-bidding अनिवार्य गरिनेछ,, भने ५० लाख भन्दा मुनिका योजनाहरुमा आवश्यकता अनुसार e-bidding वाट ठेक्का प्रणाली अवलम्वन गरिनेछ ।
१८.तमानखोला गाउपालिका भित्रका उर्वर र खेती योग्य जमिनमा साना सिचाइ गर्न बजेट विनियोजन गरिनेछ ।
१९. तमानखोला गाउपालिकाको वडा नं.२श्रीवाङ खानेपानी आयोजना र वडानं. २ खोलेस्वाङ खानेपानी आयोजना, वडानं. १ मुहुनथ्रीबाङ, कोरेलीबाङ खानेपानी आयोजना एकघर एकधारा निर्माण ब्रिटिस गोर्खा वलफेयर संग समन्वय र सहकार्यमा गर्ने व्यवस्था मिलाइने छ । साथै खानेपानीको काम गर्ने अन्य निकाय संग समन्वय, सहकार्य र सहलगानीमा गर्न आवश्यक व्यवस्था मिलाइने छ ।
२०. तमानखोला गाउपालिकाको वडा नं. १ र ३ मा गण्डकी प्रदेश सरकार बाट निर्माणाधिन घाल्टागोट साडीवन, किरी खानेपानी आयोजनालाई निरन्तरता गराइने छ ।

**सम्मानित सभाका**

**सभाध्यक्ष ज्यू,**

**४.वन,वातावरण तथा विपद् व्यवस्थापन**

१. विश्वभरि महामरी रुपमा फैलिएको नोवेल कोरोना भाइरस (कोभिड १९) लाई नियन्त्रण, व्यवस्थापन गर्न र तमानखोलाका नागरिकलाई यस विपत्तिबाट जोगाउन विभिन्न प्रयास भइरहेको छ । यसलाई थप व्यवस्थित गर्न नागरिकलाई रोग वा भाइरस संक्रमित हुनबाट जोगाउन सचेतना, स्वास्थ्य परिक्षण, औषधी, क्वारेटिन व्यवस्थापन, आइसोलेसन, उद्धारकार्य गर्नको लागी रु ५० लाख बजेट विनियोजन गरिएको छ ।
२.गाउँपालिका क्षेत्र भित्र रहेका सामुदायिक वन, कवुलियत वन तथा निजी वनहरुको व्यवस्थापनको आवश्यक बजेटको व्यवस्था सहित कार्यक्रम सञ्चालन गरिनेछ । साथै सामुदायिक वनबाट हुने वन पैदावर चोरी निकासीलाइ कानुनी तथा करको दायरामा ल्याई व्यवस्थापन गर्न आवश्यक पहल गरिनेछ ।

३.सडक निर्माण तथा अन्य योजनामा १ रुख मासिएमा २ रुख अनिवार्य रुपमा रोप्नुपर्ने नीतिलाई कडाइका साथ लागु गरिनेछ । साथै गाउँपालिकाभरिनै खालि साथै भुक्षय पहिरोको जोखिम क्षेत्रमा वृक्षारोपण अभियानलाई प्रभावकारी रुपमा संचालन कार्यलाई निरन्तरता दिइनेछ ।
४.फोहोर मैला व्यवस्थापनको लागी गाउँपालिकाले ल्यान्ड फिल्ड साइटको व्यवस्थापन गरिएकोछ जसलाई व्यवस्थापन तथा सरसफाइमा निरन्तरता दिनको लागी आवश्यक बजेट विनियोजन गरिनेछ ।
५.भू संरक्षण तथा जलाधार संरक्षणको लागि आवश्यक कार्यक्रम र बजेट सहित विशेष पहल गरिनेछ ।
६.जलवायु परिवर्तन सम्वन्धि जनचेतना मुलक कार्यक्रम तथा सो सम्बन्धमा आवश्यक अध्ययन अनुसन्धानको लागि आवश्यक बजेट सहित कार्यक्रम तर्जुमा गरिनेछ ।
७.दैवि प्रकोप पिडितहरुको राहत उद्धारको लागी आवश्यक व्यवस्था मिलाइने छ ।
८.आपतकालिन दैवि प्रकोप उद्धार समितिमा आवश्यक सामाग्री खरिद गरि तयारी अवस्थामा रहन वजेट विनियोजित गरिनेछ ।
९.माथिल्लो क्षेत्रका रहेका ताल, पोखरी तथा पानीको मुहानहरु संरक्षणको लागि वृक्षारोपण तथा जलाधार संरक्षण कार्यको लागि आवश्यक बजेटको व्यवस्थापन गरिनेछ । साथै एक वडा एक ताल वा पोखरी निर्माण गर्न वजेत विनियोजन गरिनेछ ।
१०.गाउँपालिकाको ठूला योजनाहरु सञ्चालन तथा प्राकृतिक स्रोत साधन उत्खनन तथा निकासि गर्दा वातावरणीय प्रभाव मुल्याङ्कन परिक्षणलाई अनिवार्य गरिनेछ ।
११.तमानखोला गाउपालिका भित्रका विभिन्न खालका राष्टिय, कबुयित र सामुदायिक वन लाई व्यवस्थित गर्न बनेको निर्देशिका वनाएर एक स्थानिय वन विभाग वनाई व्यवस्थित र व्यवस्थापन गरेर संचालन गरिनेछ ।

**५.संस्थागत विकास तथा सुशासन**

१.तमानखोला गाउपालिका भित्रका सर्म्पुण संघ संस्था तथा क्लबहरुको संस्थागत विकास गर्नेछ । साथै संस्थाका प्रतिनिधिको क्षमता विकास तथा अभिमुखीकरण तालिमको लागी आवश्यक व्यवस्था मिलाइने छ ।
२.तमानखोला गाउपालिका भित्रका सवै संघ संस्था, क्लब , आमा समुह तथा विभिन्न लक्षित समुहका संस्थाहरु दर्ता भएकालाई वडा तथा गाउपालिकामा आवद्धता र दर्ता नभएकालाई वडा तथा गाउपालिकामा आवश्यक शुल्क लिएर दर्ता तथा आबद्धता गराउने छ ।
३.तमानखोला गाउपालिका भित्रका विभिन्न संघ संस्था क्लब, आमा समुह, तथा लक्षित समुहका संजालहरुमा आवद्ध सदस्यहरुलाई स्वरोजगार , उद्यमी र व्यवसाय गराउने कार्यक्रमको लागी आवश्यक वजेट व्यवस्था गरिएको छ ।
४.गाउँपालिका अन्तर्गत सञ्चालन हुने योजनाहरुको उपभोक्ता समिति गठन गर्दा समितिमा संख्यात्मक भन्दा पनि दक्ष र अनुभवी व्यक्तिहरुलाइ चयन गर्ने विधिलाई अवलम्वन गरिनेछ र उपभोक्ता समितिमा महिलाहरुको ३३ प्रतिशत सहभागिता र मुख्य पदमा १ जना अनिवार्य महिला हुनुपर्ने व्यवस्थालाई कडाइका साथ लागू गरिनेछ ।
५.गाउँपालिका क्षेत्र भित्र सञ्चालित योजनाहरु कार्यान्वयनका लागि उपभोक्ता समितिको सचिवलाई सुचना अधिकारी तोकी रु ५ लाख भन्दा माथिको योजनामा सुचना बोर्ड अनिवार्य राख्ने कार्यलाई अवलम्वन गरिनुको साथै सवै योजनाहरुमा सामाजिक परिक्षण गर्ने कार्यलाई व्यवस्थित एवं अनिवार्य गरिनेछ ।

६.यस गाउँपालिकामा कार्यरत कर्मचारीहरु तथा  निर्वाचित पदाधिकारीहरुका लागि समय अनुकुल क्षमता विकास विस्तार गर्न तालिमको व्यवस्था गरिनेछ ।
७.गाउँपालिका भित्र संचालन हुने योजनाहरुको अनुगमन मुल्याँकनका लागी प्रचलित ऐन नियममा व्यवस्था भए बमोजीमको अनुगमन मुल्याँकन समितिलाई प्रभावकारी तथा थप व्यवस्थीत गराइनेछ । आफनो वडाभित्र संचालित योजनाहरुको रेखदेखको जिम्मेवारी वडा सदस्यहरुको हुनेछ ।
८.गाउँपालिकाको गतिविधिहरुलाई जनता समक्ष पुऱ्याउनको लागि रेडियो कार्यक्रम सञ्चालन तथा त्रैमासिक बुलेटिन प्रकाशन गरिनेछ । प्रत्यक वस्तीमा सुचना पार्टीको व्यवस्था मिलाइने छ ।

९.गाउँपालिका क्षेत्रभित्र सञ्चालित गैर सरकारी संस्थाहरुले अनिवार्य रुपमा गाउँपालिकामा कार्यक्रम तथा बजेट पेश गरि चौमासिक खर्च सार्वजनिक गर्ने र बजेट कार्यक्रम पेश गर्ने गैर सरकारी संस्थाहरुको कार्यक्रम संचालनका लागि मात्र अनुमति प्रदान गर्ने नीति अवलम्वन गरिनेछ ।
१०.वडागत रुपमा असुल हुने विभिन्न करहरुलाई सफ्टवेयरको माध्यमबाट संकलन गरी विभिन्न कर तथा दस्तुरहरुलाई एकीकृत गरिनेछ ।
११.आय व्ययको लेखा र त्यससम्बन्धी कागजातहरुलाई अद्यावधिक गरि स्थानीय तहका लागि बजेट खर्च र प्रतिवेदनको कम्प्युटरमा लेखांकन प्रयोग गरि केन्द्रिय लेखा प्रणालीमा आवद्ध गराइनेछ ।
१२.सार्वजनिक खर्च तथा प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी सम्बन्धि नीति कानुन मापदण्ड तथा नियमन र सोको बाँडफाँडलाई कार्यविधि बनाइ व्यवस्थित गरिनेछ ।
१३.स्थानीय पुर्वाधार सेवा र उपयोगमा सेवा शुल्क तथा दस्तुर नीति, कानुन तथा मापदण्ड, नियमन शुल्क   संकलन तथा व्यवस्थापनलाई कार्यविधि बनाई व्यवस्थित गरिनेछ ।
१४.तमानखोला गाउपालिकाको विभिन्न विद्याका सिप, दक्षता, योग्यता भएका व्यक्तिहरुलाई गाउपालिका वा वडा कार्यलयमा दर्ता गर्ने दर्ता प्रमाणपत्र प्रदानर बार्षिक नविकरण अनिवार्य गरिनेछ । उनिहरुको सिप र क्षमता बृद्धिको लागी तालिम, प्रशिक्षण गरिनेछ । साथै गाउपालिका भित्रको विविध विद्याको काममा खटाउनेछ ।
१५. तमानखोला गाउपालिका भित्रका विभिन्न लक्षित वर्गहरुको विकास , क्षमता बृद्धि, तथा सहयोगको लागी आवश्यक वजेट विनियोजन गरिएको छ ।
**१६.साना घरेलु तथा लघु उद्यमतर्फ,**
१.तमानखोला गाउपालिका भित्र पाइने बरुवा (लोक्ता), सिस्सो पाउडर, (पुवा), अल्लोको जस्ता स्थानिय श्रोत, साधनको उपयोग गर्दै उत्पादन हुने सामाग्री तथा वस्तु निर्माण गर्न सिप, तालिम गराउन आबश्यक वजेट विनियोजन गरिएको छ ।
२.तमानखोला गाउपालिका भित्रका युवा, महिलाहरुलाई घरेलु साना तथा मझौला व्यवसायको विकास तथा प्रर्वद्धन गर्न आवश्यक वजेट विनियोजन गरिएको छ ।
३.तमानखोला गाउपालिका भित्र स्थानीय निङ्गालो र काठबाट बन्ने आधुनिक खालका सामाग्रीको निर्माण गर्न आवश्यक तालिम र वजार व्यवस्थापनको लागी वजेट विनियोजन गरिएको छ ।
**६.विभिन्न कोषहरु संचालन गर्न वनेको कार्यविधि अनुसार निरन्तरता गरिएको छ ।**
**१**मर्मत सम्भार कोष
**२**समपूरक कोष
**३**आकस्मिक कोष
**४**जेहेन्दार छात्रवृत्ति कोष
**५**बिरामी तथा सुत्केरी सहायता कोष

६खेलकुद विकास कोष
७खाद्य सुरक्षा कोष
८कर्मचारी कल्याण कोष

**७. स्वरोजगार नीति तथा कार्यक्रम**

१.तमानखोला गाउपालिका भित्रका वेरोजगार युवा तथा विदेशबाट फर्किएका युवाहरुको लागी संचालित प्रधानमन्त्री स्वरोजगार कार्यक्रमलाई श्रममा आधारित रोजगारको माध्यमबाट समग्र तमानखोला गाउपालिकाको दिगो विकास र सम्बृद्धिमा टेवा पुग्ने खालका कार्यक्रम गर्ने व्यवस्था मिलाइने छ ।

२.तमानखोला गाउपालिका भित्रको विभिन्न विधाका यूवाहरुलाई स्वरोजगार वनाउन यूवाहरुको योग्यता , क्षमताको आधारमा अवसर श्रृजना गरिने छ । यसरी गाउपालिकाले अवसर श्रृजना गर्दा यूवा हरुले केही सिप, क्षमता विकास , तालिम गाउपालिकाले गराउनेछ भने गाउपालिकाको स्रोत पर्याप्त नहुदा सम्म न्यून प्रारिश्रमिक वा स्यमसेवकको रुपमा काममा खताउनेछ ।उक्त कार्यक्रमको लागी आवश्यक व्यवस्था मिलाइने छ ।

**८.तमानखोला गाउपालिका भित्रको बालविवाह रोकथाम गर्न बनेको नियम**

१.नेपालको कुननले टोकेको २० वर्ष भन्दा कम उमेरमा (मागी, भागी, प्रेम) वाविह गर्ने केटा वा केटीलाई बालविवाह भएको मानिन्छ । त्यस्ता खालका विवाह रोकथामको लागी विद्यालय किशोर किशोरी शिक्षा र आम नागरिक सचेतना कार्यक्रम संचालन गरिनेछ ।

२.बालवाविह गरेको प्रमाणित भएमा नेपालको विवाहवारी सम्बन्धी वनेको कानुन बमोजिम कारवारी हुनेछ ।

३.बालविवाह भएको उजुरी वा निवेदन लिखित, मौखिक वा सुचनाको माध्यमबाट वडा कार्यलय, प्रहरी चौकी, न्यायीक समिति वा तमानखोला गाउपालिका कार्यलयमा जानकारी हुन आएमा बालविवाह ( उमेर) हद प्रमाणित गरेर ठहर भएमा कानुन बमोजिम कारबाही हुनेछ ।

४.बालविवाह भएको उजुरी निवेदन, सुचना दिने व्यक्तिको नाम गोप्य राख्न सकिनेछ ।

५.बाल विवाह भएर गाउपालिकामा विवाह विच्छेद गरिसके पछि केटा वा केटी पक्षतिर भवितव्य हुने दुर्घटना स्वयम् जिम्मेवारी रहनेछ ।

६.बालविवाह भई गाउपालिका वा कुनै न्यायिक समितिमा मेलमिलाप गराई विवाह विच्छेद गरेमा मिलापत्र वा  विच्छेद दस्तुर रु ५०० देखी रु.१००० सम्म दुवै पक्षलाई लाग्नेछ ।

७.बालविवाह भई विवाह विच्छेद भएका केटा वा केटी लाई सामाजिक रुपमा उसलाई गिल्लाउने, होच्चाउने , जिस्काउने जस्ता शब्दले नैतिक आच आउने गरि व्यवहार गरेमा १ महिना सम्म कैद र रु १,००० देखी १०,०००। सम्म जरिवाना गरिनेछ ।

## आ.व.२०७७/०७८ बार्षिक कार्यक्रम आय तर्फको सांराश

| क्र.सं. | विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | वित्तिय समानीकरण अनुदान निशर्त | ६,८०,००,०००।०० | संघीय सरकारबाट |
| २. | वित्तिय समानीकरण अनुदान निशर्त | १,२२,०३,०००।०० | प्रदेश सरकारबाट |
| ३. | राजश्व बाँडफाँड | ५,६१,११,१२०।०० | संघीय सरकारबाट |
| ४. | राजश्व बाँडफाँड | ११,४७,०००।०० | प्रदेश सरकारबाट |
| ५. | आन्तरीक आय | २५,००,०००।०० | स्थानीय सरकारबाट राजश्व  आम्दानी |
| ६. | शशर्त अनुदान संघ | ९,९१,००,०००।०० | संघीय सरकारबाट |
| ७. | शशर्त अनुदान प्रदेश | १,००,००,०००।०० | प्रदेश सरकारबाट |
| ८. | पर्वतारोहण रोयल्टी संघ | १६,६०५।०० | संघीय सरकारबाट |

| | | | |
|---|---|---|---|
| ९. | राष्ट्रिय वन रोयल्टी संघ | १८,९१०।०० | संघीय सरकारबाट |
| १०. | संरक्षित क्षेत्र रोयल्टी संघ | ४९,७६१।०० | संघीय सरकारबाट |
| ११. | गत वर्षको  बाँकी | ३,२०,७५,९५९।०० | अ. ल्या. |
| | **जम्मा** | **२८,१२,२२,३५५।००** | |

**आ.व.२०७७/०७८ बार्षिक कार्यक्रम व्यय तर्फको सारांश**

| क.सं. | विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | चालुतर्फ | ४,७३,३०,०००।०० | |
| २ | शसर्ततर्फ संघिय | ९,९१,००,०००।०० | |
| ३ | शसर्ततर्फ प्रदेश | १,००,००,०००।०० | |
| ४ | विभिन्न कोषहरु | १,४१,००,०००।०० | |
| ५ | पूर्वाधारतर्फ | ४,२३,४४,२९५।०० | |
| ६ | आर्थिकतर्फ | ७५,२३,०००।०० | |
| ७ | सामाजिकतर्फ | ४,६३,२५,०६०।०० | |
| ८ | वन, वातावरण र विपद व्यवस्थापनतर्फ | ६५,००,०००।०० | |
| ९ | संस्थागत विकास तथा सेवा प्रवाहतर्फ | ८०,००,०००।०० | |
| | **जम्मा व्यय** | **२८,१२,२२,३५५।००** | |

अन्तमा तमानखोला गाउपालिकाको जनताको हरेक समस्या र दुःखमा सहकार्य गर्दै गाउपालिकाको दिगो र साझा विकासमा सधै क्रियशिल रहदै सृजनात्मक र रचनात्मक काम गर्ने प्रतिबद्धता गर्दछु । तमानखोला गाउपालिकाको ऐतिहासिक दोस्रो गाउसभामा सभ्य एंव भव्यरुपमा सम्पन्न गर्न  विभिन्न चरणको छलफल र काममा निरन्तर लाग्नुहुने वडा अध्यक्ष, कार्यपालिका सदस्य, गाउसभा सदस्य, प्रमुख प्रशासकिय अधिकृत, लेखापाल, वडा सचिव, विषयगत कार्यलयका कर्मचारी, तमानखोला गाउपालिका राजनितिक दल, समाजसेवी, बुद्धिजिवी, सम्पूर्णमा सकरात्मक र सृजनात्मक सल्लाह, सुझाव र सहयोग गर्नु भएकोमा विशेष आभार दिन चाहन्छु । आगामी दिन हरुमा पनि यसरी नै सहयोगको लागी अपेक्षा सहित रुपान्तरित, सु-संस्कृत समाज र सम्बृद्ध तमानखोला गाउपालिका बनाउन सवैमा सहकार्य र हातेमालो गर्न अनुरोध गर्दछु ।

धन्यवाद

जोकलाल बुढा
अध्यक्ष
तमानखोला गाउपालिका